साउन – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


| वर्ष २५, अङ्क ८ | २०७३, साउन १६–३२ | पूर्णाङ्क ५७८ |
|---|---|---|





प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**प्रकाशन, सञ्चार तथा सम्पादन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्बबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री लक्ष्मण वि.क.
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सहायक डिजायनर श्री रसना बज्राचार्य
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | १३ |
| संयुक्त इजलास | ११ |
| इजलास नं. १ | १० |
| इजलास नं. २ | ४ |
| इजलास नं. ३ | ७ |
| इजलास नं. ४ | २ |
| इजलास नं. ५ | ८ |
| इजलास नं. ६ | २ |
| इजलास नं. ७ | २ |
| इजलास नं. ८ | ६ |
| एकल इजलास | १ |
| जम्मा | ६६ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७३, साउन – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०–०१–३३३–५५

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१-७** |
| १. | उत्प्रेषण | प्रहरी प्रधान कार्यालय, नक्साल र ऐजनको कानून शाखाको तर्फबाट प्रहरी महानिरीक्षक वि. मणिराज लामिछाने | |
| २. | भरपाई लिखत दर्ता बदर दर्ता कायम | पुरण शमशेर ज.ब.रा. वि. खड्गकुमारी राणासमेत | |
| ३. | बाली दिलाई मोही निष्काशन | देवलाल सरदार वि. दिगम्बर साहु तेली | |
| ४. | मिलापत्र बदर | युगलकिशोर सिंहसमेत वि. बिन्देश्वर साह हलुवाई | |
| ५. | बाली भराई मोही निष्काशन | यज्ञप्रसाद त्रिपाठी वि. पार्वती उप्रेती | |
| **संयुक्त इजलास** | | | **७-१६** |
| ६. | परमादेश | अधिवक्ता पदमबहादुर श्रेष्ठ वि. काठमाडौं महानगरपालिका कार्यालय, बागदरबारसमेत | |
| ७. | उत्प्रेषण / परमादेश | बिजुलीप्रसाद चौधरी वि. स्वास्थ्य तथा जनसङ्या मन्त्रालय, रामशाहपथ, काठमाडौं | |
| ८. | परमादेश | काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय, ललितपुरसमेत वि. अम्बरबहादुर थापा | |
| ९. | कर्तव्य ज्यान | छेदी भन्ने शिवपुजन लोनिया वि. नेपाल सरकार | |
| १०. | कर्तव्य ज्यान | झरीलाल चौधरी वि. नेपाल सरकार | |
| ११. | उत्प्रेषण / परमादेश | महेशप्रसाद भट्टराई वि. सहरी विकास मन्त्रालयसमेत | |
| १२. | निषेधाज्ञा / परमादेश | लक्ष्मण महतो वि. डिभिजन सहकारी कार्यालय पर्सा वीरगन्जसमेत | |
| १३. | निषेधाज्ञा | मैमुल नेसासमेत वि. धुनियाँ खातुनसमेत | |
| १४. | उत्प्रेषण / परमादेश | मुन्नी सिंह वि. कृषि विकास बैंक, शाखा कार्यालय, खजुरा बाँकेसमेत | |

| | | |
|---|---|---|
| १५. | निषेधाज्ञा | बिन्देश्वर दास तत्मासमेत वि. बदरिदास तत्मा |
| १६. | उत्प्रेषण / परमादेश | सीताराम तिमिल्सिना वि. नेपाल आयल निगम लि. आपूर्ति, वितरण तथा एभिएसन विभागसमेत |
| **इजलास नं.१** | | **१६-२३** |
| १७. | निषेधाज्ञा | रमजान खाँ वि. जिल्ला प्रशासन कार्यलय, बाँके, नेपालगन्जसमेत |
| १८. | उत्प्रेषण / परमादेश | देवेन्द्रप्रसाद सिटौला वि. होमप्रसाद गौतम |
| १९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जैलम खातुनसमेत |
| २०. | लागु औषध (कोरेक्स) | नेपाल सरकार वि. सरोज लिम्बू |
| २१. | लागु औषध (हेरोइन) | नेपाल सरकार वि. सुरेन्द्र पन्त |
| २२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. धनलाल तामाङ |
| २३. | उत्प्रेषण | जेठमल महतो वि. रामप्रवेश महतो मण्डलसमेत |

| | | |
|---|---|---|
| २४. | बन्दी प्रत्यक्षीकरण | मेनुका लामा तामाङ वि. कारागार कार्यालय, नख्खु, ललितपुरसमेत |
| २५. | उत्प्रेषण / परमादेश | रामचन्द्र सिवाकोटी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| २६. | परमादेश / निषेधाज्ञा | विकासलाल श्रेष्ठ वि. सनसाइन सेभिङ एन्ड लोन कोअपरेटिभ लि. ई.एम.सी. भवन त्रिपुरेश्वर, काठमाडौंसमेत |
| **इजलास नं. २** | | **२३-२६** |
| २७. | कर्तव्य ज्यान | बिन्दु राना वि. नेपाल सरकार |
| २८. | जबरजस्ती करणी | हाडनाता करणी, रामबहादुर वि.क. वि. नेपाल सरकार |
| २९. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. श्रीमती अन्जली तामाङसमेत |
| ३०. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | नेपाल सरकार वि. राष्ट्रिय भन्ने हेमेन्द्र पुन |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ३** | | | **२६-३२** |
| ३१. | सञ्चालक को निर्वाचन बदर | अमृतचरण श्रेष्ठसमेत वि. केशव दुवाडी | |
| ३२. | उत्प्रेषण | रमाकान्त सिंह वि. नन्दलाल सिंहसमेत | |
| ३३. | उत्प्रेषण | कौशल्या देवी वि. दुर्गा देवी थापासमेत | |
| ३४. | भ्रष्टाचार | केशवप्रसाद भट्टराई वि. प्रा.डा. रामकुमार सिंहसमेत | |
| ३५. | कर्तव्य ज्यान | रेवन्तबहादुर गाहामगर*समेत* वि. नेपाल सरकार | |
| ३६. | कर्तव्य ज्यान | जितबहादुर कार्कीसमेत वि. नेपाल सरकार | |
| ३७. | भ्रष्टाचार | नेपाल सरकार वि. पुरूषोत्तमभक्त खरेलसमेत | |
| **इजलास नं. ४** | | | **३२-३४** |
| ३८. | अपहरण तथा शरीर बन्धक | आनन्द यादव वि. नेपाल सरकार | |
| ३९. | कर्तव्य ज्यान | अब्दुल हसन मुसलमान वि. नेपाल सरकार | |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ५** | | | **३४-३८** |
| ४०. | लागु औषध (खैरो हेरोइन) | ग्रेडराज खड्गी वि. नेपाल सरकार | |
| ४१. | उत्प्रेषण | अब्दुल मन्नान सिद्दीकीसमेत वि. श्रृजना शाहसमेत | |
| ४२. | उत्प्रेषण | रूवैदा खातुन वि. छिटिया खातुनसमेत | |
| ४३. | लागु औषध (खैरो हेरोइन) | सादु पटेल वि. नेपाल सरकार | |
| ४४. | गौबध | नेपाल सरकार वि. अर्जुन रञ्जन | |
| **इजलास नं. ६** | | | **३८-३९** |
| ४५. | लागु औषध गाँजा | जोखु राय वि. नेपाल सरकार | |
| ४६. | निषेधाज्ञा | नविन गुईदेल (परियार) वि. साधुराम बिष्टसमेत | |
| **इजलास नं.७** | | | **३९-४०** |
| ४७. | उत्प्रेषण / परमादेश | नन्दराज जोशी वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत | |
| ४८. | उत्प्रेषण | कोपिला कुँवर वि. लक्ष्मी कार्की (खत्री) समेत | |

| | | |
|---|---|---|
| **इजलास नं.८** | | **४०-४३** |
| **४९.** | मोही नामसारी | हरिशङ्कर साहसमेत वि. बहादुर महरा चमार |
| **५०.** | उत्प्रेषण | सीताराम दास वि. गजेन्द्र दाससमेत |
| **५१.** | हाल साबिक दर्ता | प्रवोध घिमिरेसमेत वि. श्रीमती मीना श्रेष्ठ |
| **५२.** | मोही नामसारी | *इनर मुखिया विन वि. चलितर मुखिया विन* |
| **एकल इजलास** | | **४३-४४** |
| **५३.** | उत्प्रेषण / परमादेश | राजेन्द्र बस्नेत वि. भूमिसुधार तथा व्यवस्थापन विभाग, बबरमहल, काठमाडौंसमेत |

## पूर्ण इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-NF-०००८, उत्प्रेषण, *प्रहरी प्रधान कार्यालय, नक्साल र ऐजनको कानून शाखाको तर्फबाट प्रहरी महानिरीक्षक वि. मणिराज लामिछाने*

रिट निवेदकउपर प्रहरी ऐन, २०१२ को दफा ३४ को खण्ड (ग),(घ) र (छ) बमोजिमको कसुरमा प्रहरी प्रधान कार्यालयको पत्रले श्री ५ को सरकार वादी भनी प्रहरी प्रधान कार्यालय कानून शाखाका प्रहरी नायब उपरीक्षक भिष्मकान्त अर्याललले सरकारी वकिलको निर्णयबिना नै मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालतसमक्ष अभियोगपत्र दायर गरेको देखिन्छ । निजले के कुन कानूनले दिएको अधिकार प्रयोग गरी अभियोगपत्र दायर गरेको हो सो कुरा उक्त अभियोगपत्रमा उल्लेख भएको देखिँदैन । प्रहरी ऐन, २०१२ मा रिट निवेदकउपर लगाइएको दफा ३४ को अभियोगसम्बन्धी मुद्दा सरकार वादी भई चल्ने भन्ने कुरा उल्लेख भएको देखिँदैन । त्यसैगरी प्रहरी ऐन, २०१२ अन्तर्गतको कसुरसम्बन्धी मुद्दालाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ र २ मा समेटिएको नदेखिनुका साथै प्रहरी ऐन, २०१२ को दफा ३४ अन्तर्गतको कसुरसम्बन्धी मुद्दालाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ को क्रमसङ्ख्या ३६ र अनुसूची २ को क्रमसङ्ख्या १० बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल सरकार वादी भई चल्ने भनी तोकेको भन्ने पनि देखिन आएको छैन । यसप्रकार विपक्षी रिट निवेदकउपर लगाइएको प्रहरी ऐन, २०१२ को दफा ३४ सँग सम्बन्धित कसुरसम्बन्धी मुद्दा सरकार वादी भई चल्ने भनी स्वयं उक्त ऐन, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ र २ तथा अन्य कुनै कानूनी प्रावधानले स्पष्ट रूपमा व्यवस्था गरेको नदेखिँदा रिट निवेदकउपर दायर गरिएको उक्त मुद्दा नेपाल सरकार वादी भई चल्नसक्ने अवस्था देखिन नआउने ।

विपक्षी निवेदकउपर लगाइएको मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ र २ भित्र नपरेको, उक्त ऐनको दफा ३१ ले पनि नसमेटेको अवस्थामा प्रहरी प्रधान कार्यालयको पत्रले नेपाल सरकार वादी भनी सरकारी वकिलको निर्णयबेगर प्रहरी नायब उपरीक्षकले दायर गरेको मुद्दा कानूनबमोजिम अधिकारप्राप्त निकाय वा पदाधिकारीले दायर गरेको भन्न मिल्ने नदेखिँदा गैरकानूनी अभियोजनका आधारमा मुद्दाको सुनुवाइ गरी विपक्षी निवेदकलाई एक वर्ष कैदसमेत हुने ठहर्‍याएको मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालतको मिति २०६१।१।२ को फैसला र सोलाई सदर गर्ने गरेको केन्द्रीय प्रहरी विशेष अदालतको मिति २०६३।३।१२ को निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्‍याएको यस अदालतको संयुक्त इजलासको मिति २०६६।८।९ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । निवेदक विपक्षीको निवेदन जिकिर पुग्न नसक्ने ।

यस अदालतको संयुक्त इजलासबाट भएको फैसला सदर हुने ठहरे पनि प्रहरी ऐन, २०१२ अन्तर्गतका कसुरसम्बन्धी मुद्दा चलाउने वा वादी कायम गर्नेसम्बन्धमा स्पष्ट कानूनी व्यवस्थाको अभाव देखिन आएकोले सोसम्बन्धमा स्पष्ट र पर्याप्त कानूनी व्यवस्था हुन जरूरी देखिएकोले तत्सम्बन्धमा अविलम्ब थप

स्पष्ट कानूनी व्यवस्था गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल माघ १४ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-NF-००१०, भरपाई लिखत दर्ता बदर दर्ता कायम, *पुरण शमशेर ज.ब.रा. वि. खड्गकुमारी राणासमेत*

नेपाल सरकारले मोहीहक लागेको जग्गा, जग्गावाला र मोहीबिच बाँडफाँडको कार्य गर्न गराउन समग्र तोकी सूचना प्रकाशन भएपछि जग्गाधनी र मोहीबिच जग्गा बाँडफाँड गर्ने वा जग्गाधनी र मोहीमध्ये कुनै एकको नाममा एकलौटी कायम गर्ने कार्य अंश मुद्दा सरेको कारणले रोकिन सक्दैन । त्यो कानूनबमोजिम बाँडफाँड हुन्छ । कानूनबमोजिम भएको कार्यलाई लेनदेन व्यवहारसरह मानी लिखत बदरको फिराद गर्न पाउने भन्न नमिल्ने ।

भूमिसम्बन्धी ऐन, २०२१ विशेष ऐन हो । उक्त ऐनअनुसार जग्गाधनी र मोहीको जग्गा बाँडफाँडसम्बन्धी प्रक्रियाको निर्णय गर्ने अधिकार भूमिसुधार अधिकारीलाई भएको तथ्यमा विवाद छैन । भूमिसम्बन्धी ऐनको दफा २६ख मा तोकिएको अधिकारीले दफा २६ग, २६घ, २६घ२ र २६ङ को अधीनमा रही मोही लागेको जग्गा बाँडफाँड गर्न सक्ने व्यवस्था गरेको छ भने सो ऐनमा मिति २०५३।९।२४ मा भएको चौथो संशोधनबाट थप भएको दफा २६च ले दफा २६ख, २६ग, २६घ, २६घ२ र २६ङ बमोजिम भूमिसुधार अधिकारीले गरेको निर्णयउपर कुनै अदालतमा पुनरावेदन लाग्ने छैन भन्ने कानूनी व्यवस्था भएको देखिन्छ । उक्त कानूनी व्यवस्थाबमोजिम मोही हक बाँडफाँड गरेउपर साधारण अधिकारक्षेत्रबाट फिरादमार्फत चुनौती दिन नसकिने प्रस्ट छ । निर्णयमा रित / बेरीतको प्रश्न उठेको भए सो प्रश्नको निरूपण असाधारण अधिकारक्षेत्रबाट हुने ।

यस अदालतबाट निस्सा प्रदान गर्दा यस अदालतको संयुक्त इजलासको फैसलामा ने.का.प. २०६७, साउन, निर्णय नं. ८३५९, पृष्ठ ६६७, ने.का.प. २०६८, साउन, निर्णय नं. ८५९७, पृष्ठ ६४६ र ने.का.प. २०६९, असोज, निर्णय नं. ८८४५, पृष्ठ ९४६ मा प्रतिपादित सिद्धान्तको त्रुटि भन्ने कुरा उल्लेख भएको देखिन्छ । तत्सम्बन्धमा विचार गर्दा उल्लिखित सबै मुद्दाहरूमा अंशको विवाद समावेश भएको देखिन्छ । प्रस्तुत मुद्दामा पनि वादीले पनि अंशको नै विवाद गरेको देखिन्छ । तथापि निस्सामा उल्लिखित नजिरहरूमा अंशबन्डाको महलबमोजिम विवादको निरूपण भएको अवस्था छ । यस मुद्दामा भूमिसुधार अधिकारीले गरेको निर्णयउपर जिल्ला अदालतमा फिराद लाग्ने नलाग्ने भन्ने प्रश्न उठाएको हुँदा सो प्रश्नको निरूपण भूमिसम्बन्धी ऐनमा भएको कानूनी व्यवस्थाबमोजिम हुने भई भूमिसुधार अधिकारीले गरेको निर्णय नै प्रस्तुत विवादमा अन्तिम हुने हुँदा उक्त निस्सा प्रदान गर्दा लिइएका आधार र सिद्धान्तसँग सहमत हुन नसकिने ।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६च बमोजिम दफा २६ख, २६ग, २६घ, २६घ२ र २६ङ बमोजिम भूमिसुधार अधिकारीले गरेको निर्णयउपर कुनै पनि अदालतमा पुनरावेदन गर्न नपाउने गरी विधायिकाले सर्तबन्देज राखेको देखिँदा सुरू अदालतमा दायर भएको वादीको फिराद क्षेत्राधिकारविहीन देखिन

आएको हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०६४।९।१० को फैसला उल्टी गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०६९।१।२२ मा फिराद खारेज गर्ने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे (गिरी)

इति संवत् २०७२ साल वैशाख १० गते रोज ५ शुभम्।

- यसै लगाउको ०७०-NF-००१३, भरपाई लिखत दर्ता बदर दर्ता कायम, *पुरण शमशेर ज.ब.रा. वि. खड्गकुमारी राणासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-NF-०००७, बाली दिलाई मोही निष्काशन, *देवलाल सरदार वि. दिगम्बर साहु तेली*

भूमिसम्बन्धी ऐन, २०२१ कृषियोग्य भूमिको न्यायोचित वितरण र कृषिसम्बन्धी आवश्यक ज्ञान र साधन सुलभ गराई भूमिमा आश्रित बास्तविक किसानहरूको जीवनस्तरमा सुधार ल्याउनसमेतको लागि बनेको तथ्यमा पनि विवाद छैन । उक्त ऐनको दफा २९ को उपदफा (१) मा ...मोहीले कूत बुझाएन भन्ने कुराको जग्गावालाले उजुरी दिएमा तोकिएको अधिकारीले त्यस्तो मोहीलाई निष्काशन गर्न आदेश दिन सक्नेछ भन्ने कानूनी व्यवस्था भएको देखिन्छ । दफा २९(१) मा कूत नबुझाउने मोहीलाई निष्काशन गर्नसक्ने व्यवस्था भए पनि उक्त ऐनमा मिति २०५३।९।२४ मा चौथो संशोधन भई सो चौथो संशोधनले दफा २६ख, २६ग एवम् दफा २६घ समेत थप गरी ती दफाहरूमा मोही लागेको जग्गामा मोही र जग्गाधनीबिच जग्गा बाँडफाँडसम्बन्धी विस्तृत कानूनी व्यवस्था गरी मिति २०५८।१०।२५ मा भएको पाँचौ संशोधनले पनि मूल ऐनमा दफा २६घ१ तथा २६घ२ समेत थप गरी मोही र जग्गाधनीबिच जग्गा बाँडफाँड गर्नेसम्बन्धी कानूनी व्यवस्था समावेश गरेको देखिँदा भूमिसम्बन्धी ऐन, २०२१ ले जग्गाधनी र मोही बिच भइरहेको भूमिमाथिको द्वैध नियन्त्रणको अन्त्य गर्न मोही र जग्गाधनीबिच आधाआधा जग्गा बाँडफाँड गर्ने वा पुरै जग्गा मोही र जग्गाधनीमध्ये कुनै एकजनाको नाममा कायम गर्ने उद्देश्य राखेको स्पष्ट देखिने।

प्रस्तुत मुद्दामा समावेश भएको विवादको विषय भूमिसम्बन्धी (चौथो संशोधन) ऐन, २०५३ लागू भएपछिको विवाद भएको देखिँदा उल्लिखित कानूनी व्यवस्था र पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्तअनुरूप प्रस्तुत मुद्दामा प्रतिवादीलाई मोही हकबाट निष्काशन गर्न मिल्ने नदेखिँदा भूमिसुधार कार्यालय, सप्तरीको मिति २०५४।११।१२ को निर्णय केही उल्टी गरी प्रतिवादीको मोही हक निष्काशनसमेत हुने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०५६।३।२१ को फैसला सदर गर्ने यस अदालतको संयुक्त इजलासको मिति २०६२।२।२ को फैसला कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तको विपरीत देखिँदा सो हदसम्म उल्टी भई पुनरावेदक प्रतिवादीको मोही हक निष्काशन नहुने।

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे (गिरी)

इति संवत् २०७२ साल जेठ २१ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०६९-DF-०००१, मिलापत्र बदर, *युगलकिशोर सिंहसमेत वि. बिन्देश्वर साह हलुवाई*

प्रमाणको रूपमा पेस भएको निवेदक विन्देश्वर साह विपक्षी युगलकिशोरसमेत भएको २०५३ सालको रिट नं. १५७ को निषेधाज्ञा मुद्दाको मिसिलमा भएको मिति २०५४।१।२० को नाप नक्सा मुचुल्का हेर्दा न.नं ५३ औरही गाउँ विकास समितिअन्तर्गत पर्ने पोखरीको पश्चिमतर्फको भाग भन्ने र न.नं ५५ चक्कर गाउँ विकास समितिमा पर्ने सोही पोखरीको पूर्वतर्फको भाग भन्ने उल्लेख भएको छ। न.नं ५५ को चक्कर गाउँ विकास समितितर्फ पर्ने पोखरीको आधा पानीको भाग २०२६ सालमा नापी हुँदा सार्वजनिक भनी तथा २०४३ सालमा नापी हुँदा तत्कालीन श्री ५ को सरकारका नाममा दर्ता भई कि.नं २६३ कायम भएको प्रमाणको रूपमा पेस भएको दे.दा.नं. १९ को निर्णय बदर मुद्दामा संलग्न जग्गाधनी दर्ता प्रमाणपुर्जाबाट देखिन्छ। न.नं. ५३ औरही गाउँ विकास समितितर्फको भाग नाप नक्सा नभएको भन्ने देखिन्छ। एउटै पोखरीमध्ये न.नं. ५५ मा जनिएको चक्कर गाउँ विकास समितितर्फको पोखरीको भाग नाप नक्सा भई सार्वजनिक भन्ने देखिएपछि सोही पोखरीसँग जोडिएको औरही गाउँ विकास समितितर्फको सोही पोखरीको आधा भाग नाप नक्सा नभएकै कारणले मात्र व्यक्तिको निजी हकभोग चलनको हुने होइन। कुनै व्यक्तिको नाममा दर्ता नभएको जग्गालाई सार्वजनिक जग्गाको रूपमा मान्नुपर्ने हुन्छ। तसर्थ कसैको नाममा दर्ता नभएको स्थितिमा सो पोखरी सार्वजनिक जग्गा नै हो भन्ने मान्नुपर्ने हुन्छ। सोको अतिरिक्त एउटै पोखरीको आधा भाग २०२६ सालको नापीमा सार्वजनिक भनी जनिएको तथा २०४३ सालको नापीमा उक्त जग्गा सरकारको नाममा दर्तासमेत भइसकेको अवस्थामा सोही पोखरीको बाँकी आधा भागलाई निजी हकभोग चलनमा रहेछ भन्न कानूनसम्मत नहुने।

गाउँ विकास समिति ऐन, २०४८ को दफा ३८(१) को कानूनी व्यवस्थाअनुसार गाउँ विकास समितिको हक भएको सम्पत्तिको रेखदेख तथा प्रबन्ध गर्ने दायित्व गाउँ विकास समितिलाई तोकेको र त्यस्तो सम्पत्तिको हक छोड्दा वा अरू कुनै तवरबाट कसैलाई हक हस्तान्तरण गर्दा वा त्यस्तो सम्पत्ति बेचबिखन गर्दा सरकारको स्वीकृतिलाई अनिवार्य गरेको छ। कानूनले अनिवार्य गरेको कुरालाई अनदेखा गरी सार्वजनिक सम्पत्तिको कुनै पनि किसिमबाट हक छाड्न वा हक टुटाउने कुनै कार्य गर्ने अधिकार गाउँ विकास समितिका कुनै पदाधिकारीमा रहे भएको नपाइने।

प्रस्तुत मुद्दामा विवादित डिलसहितको एउटै पोखरी दुई गाउँ विकास समितिमा विभाजित भएको भन्ने देखिन्छ। सोमध्ये चक्कर गाउँ विकास समितितर्फको डिलसहितको पोखरीको आधा भाग सरकारका नाममा नापी भई औरहीतर्फ परेको डिलसहितको आधा भाग नापी हुन बाँकी रहेको भन्ने देखिन्छ। औरहीतर्फको डिलसहितको पोखरी आफ्नो निजी सम्पत्ति रहेको र आफूले पहिलेदेखि नै भोग गर्दै आएको भन्ने पुनरावेदकको जिकिर रहेको पाइन्छ। सो जग्गामा आफ्नो हक भएको भनी दाबी लिए पनि सो जग्गामा पुस्तौनीरूपमा हकभोग रहेको स्वबासी जग्गा रहेको र हकवालाहरू बिच बन्डा गरी हक सर्दै आएको भन्ने वस्तुनिष्ठ र ठोस प्रमाण पेस गर्न सकेको अवस्था देखिँदैन भने सो विवादित डिलसहितको पोखरीको आसपासमा यी पुनरावेदकको कुनै जग्गासमेत रहेको देखिँदैन। साथै पुनरावेदकका बाबुले ७ नं. फाँटवारीमा सो जग्गा ऐलानी हो भनी लेखिदिएबाट उक्त जग्गामा यी पुनरावेदक प्रतिवादीको पहिलेदेखि हकभोग रहेको भन्ने दाबी आफैंमा खण्डित भइरहेको छ। खिचोला मुद्दाको फिरादपत्र, प्रतिउत्तरपत्र र मिलापत्रसमेतका

समग्र कागजातहरू हेर्दा विवादित भू-भाग सो मुद्दाका वादीको हकभित्रको हो भन्ने कुनै प्रमाणबाट पुष्टि हुन सकेको पनि नदेखिने।

विवादित जग्गा निजी जग्गा भई सो जग्गामा घरहरूसमेत रहेको भन्ने पुनरावेदन जिकिर रहेको र सर्वोच्च अदालतबाट मुद्दा दोहोर्‍याउन निस्सा प्रदान गर्दा निषेधाज्ञा मुद्दामा भएको मिति २०५४।१।२० को नक्साको न.नं. २, ३, १२, १३, १४, १५, १९, २२, २७ र ३६ समेतमा प्रस्तुत मुद्दाका प्रतिवादीहरूको भोगाधिकार भई घरबास देखिने भन्ने आधार लिएको पाइन्छ। तर प्रमाणको रूपमा पेस भएको पुनरावेदन अदालत, जनकपुरको रिट नं. १५७ को निषेधाज्ञा मुद्दाको मिसिलमा भएको मिति २०५४।१।२० को नाप नक्सा हेर्दा उक्त नक्सामा एउटा ४ फिट ८ इन्चको गारो उठाएको छाना नभएको निर्माणाधीन घर देखिएको र सो निर्माणाधीन घरसमेत अदालतको अन्तरिम आदेशको अपहेलना गरी पुरा गरेकोमा यी पुनरावेदक प्रतिवादीलाई रू. ५०।– जरिवानासमेत भएको पाइन्छ। सो विवादित जग्गामा घरहरू रहेको भनी २०६० सालमा नक्सा हुँदा घरहरू देखाइए पनि ती घरहरूसमेत चक्कर गाउँ विकास समितिमा पर्ने कि.नं. ३६३ को जग्गामा रहेका भन्ने देखिँदा मुद्दा दोहोर्‍याउन निस्सा प्रदान गर्दा लिइएको आधारसँग सहमत हुन नसकिने।

विवादित जग्गा गाउँ विकास समितिको नभई पुनरावेदकको निजी हकभोगको सम्पत्ति भएको भए सो सम्पत्तिका हकमा मिलापत्र गरी वादी दाबी कायम राखिदिने भन्दै परोक्षरूपमा सो सम्पत्तिमा अनधिकृतरूपमा वादीको हक कायम गरिदिने अधिकार गाउँ विकास समिति र सोका पदाधिकारीलाई कानूनले दिएको छैन। सो जग्गालाई गाउँ विकास समितिको सम्पत्ति मान्ने हो भने सरकारको स्वीकृतिबेगर कुनै पनि व्यहोराले उक्त सम्पत्तिको हकभोग छोड्न नमिल्ने र छोडेको अवस्थामा पनि गाउँ विकास समिति ऐन, २०४८ को दफा ३८-२-२ अनुसार स्वतः बदर हुन जान्छ। अतः सार्वजनिक पोखरीको संरक्षण गर्नुपर्ने दायित्वबाट विमुख भई सार्वजनिक पोखरीका सम्बन्धमा चलेको खिचोला मुद्दामा गाउँ विकास समितिका अध्यक्षसमेतले सार्वजनिक पोखरीलाई व्यक्ति विशेषको निजी पोखरीको रूपमा मान्यता दिने गरी वादी दाबी कायम हुने गरी एक आपसमा गरेको मिलापत्रले कानूनी मान्यता पाउन सक्ने हुँदैन। सार्वजनिक जग्गालाई पुनरावेदक प्रतिवादीको निजी सम्पत्ति हो भन्ने प्रमाण सिर्जना गर्ने प्रयोजनका लागि प्रतिवादीहरू आपसमा मिली सा.दे.नं. १२४७ को खिचोला मुद्दामा मिलापत्र भएको देखिँदा सो बदनियतपूर्वक भएको मिलापत्रलाई कानूनसम्मत मान्न मिल्दैन। तसर्थ उक्त खिचोला मुद्दामा भएको मिति २०५४।८।१७ को मिलापत्र कायमै राख्नु पर्ने गरी पुनरावेदन अदालतको फैसला उल्टी हुने ठहर्‍याई यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाहबाट व्यक्त रायसँग सहमत हुन नसकिने हुँदा एउटै पोखरीको डिलसहितको आधा भाग जग्गा सरकारका नाममा दर्ता भई सार्वजनिक कायम भएको र सोही पोखरीको डिलसहितको अर्को आधा भाग पुनरावेदक प्रतिवादीको निजी हकभोगको मान्न मिल्ने नदेखिँदा प्रतिवादीहरूले प्रमाण सिर्जना गर्न रचेको व्यवहारलाई मान्यता दिई सार्वजनिक सम्पत्तिलाई निजी बनाउने गरी मिति २०५४।८।१७ मा यी प्रतिवादीहरू आपसमा मिली गरेको सा.दे.नं १२४७ नं. को खिचोला मुद्दाको मिलापत्र बदर गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको

पुनरावेदन अदालतको मिति २०६०।९।३० को फैसलालाई सदर ठहर गरी यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीश श्री प्रकाश वस्तीबाट व्यक्त भएको राय मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७२ फागुन १३ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६९-DF-०००२, मिलापत्र बदर, *युगलकिशोर सिंहसमेत वि. बिन्देश्वर साह हलुवाई*
- २०६९-DF-०००३, मिलापत्र बदर, *युगलकिशोर सिंहसमेत वि. बिन्देश्वर साह हलुवाई*
- २०६९-DF-०००४, घर भत्काइपाऊँ, *युगलकिशोर सिंह वि. बिन्देश्वर साह हलुवाई*
- २०६९-DF-०००५, लिखत बदर, *युगलकिशोर सिंहसमेत वि. बिन्देश्वर साह हलुवाई*
- २०६९-DF-०००६, लिखत बदर, *युगलकिशोर सिंहसमेत वि. बिन्देश्वर साह हलुवाई*
- २०६९-CF-०००२, जालसाजी, *युगलकिशोर सिंहसमेत वि. बिन्देश्वर साह हलुवाई*
- २०६९-CF-०००३, जालसाजी, *युगलकिशोर सिंहसमेत वि. बिन्देश्वर साह हलुवाई*

५

**मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-NF-०००३, बाली भराई मोही निष्काशन, *यज्ञप्रसाद त्रिपाठी वि. पार्वती उप्रेती*

जग्गाधनी र प्रतिवादी मोहीबिच दाबीको जग्गाको कुत नौ मुरी धान लिने दिने गरी कबुलियतनामा भएको देखिन्छ। मिसिल संलग्न गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय, काठमाडौंको २०५९।४।२० को पत्र व्यहोराबाट पनि एक मुरी धानको सरदर तौल ५० के.जी. हुने भई नौ मुरी धानको सरदर ४५० के.जी. तौल हुन आउने देखिन्छ । त्यस्तै मिसिल संलग्न भूमिसुधार कार्यालय, काभ्रेपलाञ्चोकको पत्रबाट अ.व.२०५२।०५३ सालको बाली धरौट राख्ने प्रयोजनार्थ जिल्ला मोल निर्धारण समितिको बैठकबाट सबैभन्दा कम मूल्य पर्ने मोटा धानको मूल्य प्रति किलो रू. ७।७५ कायम गरिएको भन्ने देखिन्छ। यसरी सबैभन्दा कम मूल्य पर्ने मोटा धान नौ मुरी (४५०) के.जी. को समेत मूल्य रू.३४८७।५० हुनेमा प्रतिवादी मोहीले रू.२९२९।५० मात्र धरौट राखेको देखिँदा निजले दाबीको जग्गाको हुने कुतबापत राखेको धरौटी कुतको मूल्यको नब्बे प्रतिशतभन्दा कम रहेको देखियो। नब्बे प्रतिशतभन्दा कम धरौट राखेमा कुत बुझाएको नमानिने भन्ने भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३६(२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम प्रतिवादी मोहीले वादीलाई २०५२ सालको कुतबाली बुझाएको भनी मान्न मिलेन। स्वयम् प्रतिवादीले सुरू भूमिसुधार कार्यालयले वादीलाई बुझाउनु पर्ने कुतको नब्बे प्रतिशतभन्दा कम कुत धरौट राखेको भनी गरेको निर्णयमा पुनरावेदन नगरी सो तथ्यलाई स्वीकार गरी चित्त बुझाई बसेको देखिँदा निजले कुत बुझाइसकेको भनी मान्न न्यायोचित हुनेसमेत नदेखिने।

प्रस्तुत मुद्दामा प्रतिवादी मोहीले कुत नबुझाएकोले कुत दिलाई मोही निष्काशन गरिपाउँ भनी दाबी लिएको र माथि विवेचना गरिएबमोजिम प्रतिवादीले वादीलाई २०५२ सालको हुने कुतबाली बुझाएको मान्न

नमिली बाली नबुझाउने मोहीलाई निष्काशन गर्न सकिने कानूनी व्यवस्था भई सोबमोजिम मोही निष्काशन हुने गरी यस अदालतको संयुक्त इजलाससमेतबाट फैसला भएकोलाई वादी दाबीभन्दा बाहिर गई फैसला भएको भनी मान्न नमिल्ने हुँदा निस्सा प्रदान गर्दा लिइएको उक्त आधारसँग सहमत हुन नसकिने हुँदा यी पुनरावेदक प्रतिवादीले आफू मोही रहेको दाबीका जग्गाको २०५२ सालको कुतबाली जग्गाधनीलाई बुझाएको नदेखिँदा कुत बाली बुझाउनु पर्ने दायित्व पुरा नगर्ने मोहीलाई भूमिसम्बन्धी ऐन, २०२१ को दफा २९(१) बमोजिम मोहीयानी हकबाट निष्काशन गर्न सकिने नै हुँदा मोही हक यथावत् कायम हुने गरी सुरू भूमिसुधार कार्यालय, काभ्रेपलाञ्चोकबाट भएको निर्णय केही उल्टी गरी यी पुनरावेदक प्रतिवादीलाई दाबीको जग्गाको मोहीबाट निष्काशन गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला सदर हुने ठहर्‍याई यस अदालतको संयुक्त इजलासबाट मिति २०६३।३।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल माघ २८ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-WO-०००७, परमादेश, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १० बानेश्वरमा अवस्थित रहेको वातावरणीय विकास तथा संरक्षण कानूनी मञ्चको तर्फबाट आफ्नो हकमा समेत अधिवक्ता पदमबहादुर श्रेष्ठ वि. काठमाडौं महानगरपालिका कार्यालय, बागदरबारसमेत*

प्रस्तुत रिट निवेदनमा मूलतः काठमाडौं महानगरपालिकाको विभिन्न स्थानहरूमा रहेका पर्चा, पम्प्लेट, भित्तेलेखन र अनधिकृत विज्ञापनबोर्ड आदिले वातावरण प्रदूषण गरी व्यक्तिको स्वच्छ वातावरणमा बाँच्न पाउने जीवनको अधिकार नै हनन हुन गएको भन्ने उल्लेख गरेको देखिन्छ । बाँच्न पाउने अधिकार अर्थात् जीवनको अधिकार (Right to life) लाई आधारभूत मानव अधिकार मानिन्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Rights, 1948) को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र सम्पत्तिको अधिकार हुनेछ (Everyone has the right to life, liberty and security of person) भनी तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (International Covenant on Civil and Political Rights, 1966) को धारा ६ ले प्रत्येक व्यक्तिलाई जीवनको अन्तर्निहित अधिकार छ (Every human being has the inherent right to life..) भनी जीवनको अधिकारलाई विशेष महत्त्व दिएको पाइने ।

विकास र वातावरणको बिच आपसी सम्बन्ध हुने हुँदा विकास भावी पुस्ताको लागि बाधक नभई दिगो र समन्यायमा आधारित हुनु आवश्यक हुन्छ । स्वच्छ वातावरण मानव मात्रका लागि नभई सम्पूर्ण जैविक तथा वानस्पतिक प्रजातिको संरक्षणको लागि अपरिहार्य रहेको छ । वातावरणीय प्रदूषणको परिणामस्वरूप जैविक विविधतामा ह्रास हुँदै जाने र त्यसको प्रत्यक्ष असर मानवलाई पर्ने हुँदा समस्त प्राणी

जगत्को अस्तित्व स्वस्थ्य र स्वच्छ वातावरणमा मात्र सम्भव हुने हुन्छ । यी कुरालाई नीतिगतरूपमा नै वर्तमान नेपालको संविधानको धारा ५१ (छ) (५) मा "जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने" भन्ने नीति अंगिकार गरेको देखिन्छ । सोही धाराको खण्ड (१) मा "राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने" भनी वातावरणीय न्यायको अवधारणालाई समेत आत्मसात गरेको पाइने ।

प्रदूषण भनेको वातावरणीय ह्रास वा वातावरणीय क्षतिको द्योतक हो । वातावरण संरक्षण ऐन, २०५३ को दफा २(ख) मा "प्रदूषण भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्षरूपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्‍याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुर्‍याउने क्रियाकलाप सम्झनुपर्छ" भनी प्रदूषणको परिभाषा गरिएको छ । जसअनुसार प्रदूषणले प्रकृतिको स्वचालित वातावरणलाई परिवर्तन गर्ने, प्राकृतिक स्वच्छतामा ह्रास अथवा क्षति गरी मानवीय जीवनलाई प्रभावित गर्ने कार्य गर्दछ । मानिसको गुणात्मक जीवन कायम गर्न वातावरण प्रदूषणका कारकको रूपमा रहेका फोहरमैलाको उचित व्यवस्थापन गर्ने एवम् प्रदूषण नियन्त्रणको कार्यलाई सर्वाधिक प्राथमिकताको क्षेत्र मानिएको छ । वातावरणीय प्रदूषणको कारक तत्त्व विभिन्न प्रकारका फोहोरमैलाको सिर्जना र सोको उचित व्यवस्थापन हुन नसक्नु हो । वातावरणीय प्रदूषणले मानवीय एवम् समस्त प्राणीहरूको स्वास्थ्यमा गम्भीर असर गर्ने हुँदा स्वस्थ वातावरणमा बाँच्न पाउने हक जीवनको अधिकारसँग प्रत्यक्ष सम्बन्धित रहेको पाइने ।

पर्चा, पम्प्लेट, होर्डिङबोर्डजस्ता वस्तु आफैँमा फोहरमैला भएको हुँदा यसले वातावरणका विभिन्न अवयवहरू जस्तै जल, स्थल र वायु प्रदूषण गर्नुका साथै वातावरणको अर्को महत्त्वपूर्ण पक्ष, दृश्यको समेत प्रदूषण गर्दछ । विभिन्न मानवीय तथा प्राकृतिक कारणबाट उत्पन्न हुने वातावरणीय असर वा क्षतिले आँखाको दृश्यमा पर्ने नकारात्मक असरजन्य अवस्था नै दृश्य प्रदूषण हो । सहरी क्षेत्रमा हुने उल्लिखित प्रदूषणजन्य फोहरमैलाको कारक तत्त्व मानवीय क्रियाकलाप नै मान्नुपर्ने हुन्छ । मानिसहरूको सर्वाधिक आवतजावत हुने स्थलहरूमा व्यावसायिक तथा राजनीतिक प्रयोजनका लागि राखिएका तथा टाँसिएका पर्चा, पम्प्लेट, होर्डिङ्गबोर्ड एवम् भित्ते लेखनले मानिसको दृश्यमा दिग्भ्रमित गर्ने, सवारी दुर्घटना बढाई सुरक्षा व्यवस्थामा असर गर्ने, अनावश्यकरूपमा झिँझ्याहट बढाउने, सुसूचितभन्दा पनि गलत सूचना बढाउने, अतिरञ्जित सूचना दिने, सहरी विकास तथा पर्यटन विकासमा अवरोध गर्नुका साथै सुन्दर वातावरणलाई नै कुरूप बनाउने हुन्छ । महानगरपालिकाभित्र रहेका यस्ता प्रकारका फोहरमैलाहरू व्यवस्थित, मर्यादित, सुरक्षित एवम् सहरी सौन्दर्ययुक्त नहुनु वातावरणीय चिन्ता र चासोको विषय हो । महानगर क्षेत्रमा राखिने व्यावसायिक प्रचार सामग्री तथा होर्डिङ्गबोर्डलाई आम्दानीको हिसाबले मात्र नहेरी यसले सहरी विकास, सुरक्षा, सद्भाव,

सहरी हरियाली, सामाजिक मूल्य र वातावरणमा पार्ने नकारात्मक प्रभावप्रति सचेत भई वातावरण संरक्षणका लागि आवश्यक कदम चाल्नु पर्ने।

महानगरपालिकाले आफ्नो स्रोत र साधनले भ्याएसम्म निवेदकले उल्लेख गरेका फोहरमैलाको व्यवस्थापन गरी वातावरण संरक्षण गर्ने गराउने कार्य गरी आएको भनी लिखित जवाफमा उल्लेख गरेको देखिन्छ । महानगरपालिकाले विज्ञापन बोर्ड तथा प्रचार सामग्री नियमन गर्ने नीति, २०७० जारी गरेको देखिनुका साथै उक्त नीति जारी भएपश्चात् सार्वजनिक सूचना जारी गरी व्यावसायिक होर्डिङ्ग बोर्ड, पोस्टर, पम्प्लेट, भित्ते लेखन तथा अन्य प्रचार सामग्री हटाउन सम्बद्धहरूलाई सूचित गरी स्वयम् महानगरपालिकाले त्यस्ता सामग्री हटाउने कार्यको थालनी अभियानको रूपमा गरिएको भन्नेसमेत महानगरपालिकाको लिखित जवाफबाट देखिन्छ । तथापि प्रदूषण नियन्त्रणमा वाञ्छित प्रगति हुन नसकेको तथ्यलाई विपक्षीतर्फबाट स्विकार गरिएको पाइन्छ। महानगरपालिकाको एक्लो प्रयासले मात्र फोहरमैलाको व्यवस्थापनको कार्यले पूर्णता प्राप्त गर्न नसक्ने हुँदा प्रत्येक नागरिक, घर, समाज एवम् निकायको सहयोग र साथ आवश्यक रहने हुन्छ।

वातावरण संरक्षणको लागि वातावरण प्रदूषण गर्ने फोहरमैलाको उचित व्यवस्थापन गर्नु प्रभावकारी उपाय हो भने सोभन्दा उत्तम उपाय वातावरण प्रदूषित हुने खालका फोहर नै हुन नदिनु अर्थात् पूर्व सावधानी अपनाउनु हो। वातावरण संरक्षण ऐन, २०५३ को दफा ४ मा प्रदूषणको रोकथाम तथा नियन्त्रणको व्यवस्था भएको पाइन्छ। उक्त दफाको उपदफा (१) मा "कसैले पनि वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी वा जनजीवन र जनस्वास्थ्यका लागि खतरा हुन सक्ने किसिमले प्रदूषण सिर्जना गर्न वा तोकिएको मापदण्डविपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण तथा फोहर मैला निष्काशन गर्न, गराउन हुँदैन" भन्ने व्यवस्थासमेत भएको पाइन्छ। कानूनले तोकिदिएको फोहर नगर्ने दायित्वको कार्यान्वयनको लागि सम्बद्ध सबै सचेत भई फोहरमैलाको उत्पादनमा न्यूनता भएमा वातावरण प्रदूषणमा स्वतः कमी आउने हुन जाने।

हावा, पानी, माटो, जीव जीवात्मा, वनस्पति, सम्पदा तथा संस्कृति सबै अवयवहरूको स्वचालित प्रणालीको सन्तुलनबाट स्वच्छ वातावरण कायम हुने हुँदा राज्य संयन्त्रका निकायहरू, नागरिक समाज, वातावरणको क्षेत्रमा क्रियाशील निवेदक जस्ता गैरसरकारी संस्थाहरू र समाजका हरेक व्यक्ति वातावरण संरक्षणका सरोकारवालाहरू हुन् । स्वच्छ र स्वस्थ्य वातावरणमा मात्र प्रत्येक व्यक्तिको जीवनको अस्तित्व सम्भव हुने र प्रत्येक व्यक्तिको सामुहिक प्रयासले मात्र वातावरणीय स्वच्छता कायम गर्न सकिन्छ। वातावरण संरक्षणसम्बन्धमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी व्यक्तिगत उत्तरदायित्वको बोध गराउनुपर्ने हुन्छ। यसका लागि सरकारी निकायहरूले संस्थागत क्षमतामा विकास गरी स्रोत र साधनको उच्चतम परिचालन एवम् आपसी समन्वयकारी एवम् सहयोगी भूमिकामा बढोत्तरी गर्नुपर्ने।

काठमाडौं महानगरपालिकालाई वातावरणीयरूपमा स्वच्छ, स्वस्थ्य, सफा र सुन्दर बनाउन सरकारका केन्द्रीय तथा स्थानीय निकाय, प्रहरी, वातावरण संरक्षणको क्षेत्रमा क्रियाशील संस्थाहरू र नागरिकसमेतको समन्वयात्मक

प्रयासबाट सहरका घर, पर्खाल, छत, बिजुलीको पोल र सडकका डिभाइडर आदिमा रहेका पर्चा, पम्प्लेट, भित्तेलेखन, अनधिकृतरूपमा राखिएका होर्डिङ् बोर्ड, विज्ञापन बोर्डलाई हटाई पुनः प्रयोग गर्न नदिन आवश्यक निवारणात्मक व्यवस्था गर्नु, साथै वातावरण संरक्षणका लागि राज्य संयन्त्रका निकायहरू एवम् निवेदक जस्ता वातावरणसम्बन्धी संस्थाहरू, नागरिक समाज र सर्वसाधारणसमेतको सहयोग र समन्वयमा जनचेतना जगाउने तथा सामुहिक सहभागिता गर्ने गराउनेलगायतका कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटरः सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७२ साल भदौ १६ गते रोज ४ शुभम्।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-०७१२, उत्प्रेषण / परमादेश, *बिजुलीप्रसाद चौधरी वि. स्वास्थ्य तथा जनसङ्या मन्त्रालय, रामशाहपथ, काठमाडौं*

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०६९।८।२२ को निर्णय र स्वास्थ्य सेवा विभागको मिति २०६९।८।२९ को पत्रबाट निवेदकलाई सुगा उपस्वास्थ्य चौकी, महोत्तरीबाट जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुलीअन्तर्गत सरूवा गरेको देखिन्छ। उक्त सरूवापत्रमा निजको साबिकको पद र हालको पद सि.अ.हे.व. उल्लेख गरिएको र सो सरूवापत्रमा उल्लिखित पदनामसम्बन्धी विषयलाई चुनौती दिई निवेदकले प्रस्तुत निवेदन दिएको देखिन्छ। तर सरूवापत्रमा जनस्वास्थ्य निरीक्षक पद हुनुपर्नेमा सि.अ.हे.व. भएकोले सो कुरा विभागलाई जानकारी भएपश्चात् अर्थात् मिति २०६९।९।२५ मा नै सच्चाई सोको जानकारी निवेदकसमेतलाई दिइसकिएको भन्ने विपक्षीको लिखित जवाफबाट देखिन आउँछ । सो लिखित जवाफमा उल्लिखित व्यहोरालाई निवेदकले अन्यथा भन्न सकेको देखिँदैन । यसरी निवेदकले आफ्नो सरूवासम्बन्धी निर्णय र पत्रबाट असर परेको भनी प्रस्तुत निवेदनमा जिकिर लिएकोमा निवेदकको सरूवासम्बन्धमा भएको त्रुटिलाई सच्याई सोको जानकारी निवेदकलाई समेत दिएको देखिँदा सो सरूवासम्बन्धी निर्णय र पत्रसमेतबाट निवेदकको कुनै किसिमको संवैधानिक एवम् कानूनी हकमा प्रतिकूल असर परेको देखिन नआउँदा निवेदकको सरूवापत्रमा जनस्वास्थ्य निरीक्षक पद हुनुपर्नेमा सि.अ.हे.व. भएको कुरा विपक्षी स्वास्थ्य सेवा विभागलाई जानकारी भएपछि मिति २०६९।९।२५ मा नै सो कुरा सच्याई सोको जानकारी निवेदकलाई समेत दिएको देखिँदा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०६९।८।२२ को निर्णय र स्वास्थ्य सेवा विभागको मिति २०६९।८।२९ को पत्रबाट निवेदकको संवैधानिक एवम् कानूनी हकमा प्रतिकूल असर परेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल साउन २४ गते रोज १ शुभम्।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-१३१३, परमादेश, *काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय, ललितपुरसमेत वि. अम्बरबहादुर थापा*

निवेदकको कि.नं.६५ को जग्गा अधिग्रहण भई आयोजनास्थलमा परेको भन्नेमा विवाद देखिँदैन। सैंबु आवास तथा सेवा विकास आयोजना उपसमितिको मिति २०५६।३।१० मा बसेको ४५ औं बैठकले आयोजनास्थलमा करिब १५ वटा घरहरू जीवितै रहेको र सो घरहरू हटाएबापत आयोजनाको सर्तको अधीनमा रही ०-४-० सम्मको घडेरी प्लट लिन चाहेमा आयोजनाको सर्तबमोजिमको घडेरी उपलब्ध गराउने भनी निर्णय गरेको कुरा मिसिल संलग्न निर्णयको फोटोकपीबाट देखिन्छ । त्यसरी घडेरी उपलब्ध गराउनलाई अधिग्रहणअगावै बनेका घर हुनुपर्ने र नापी नक्सामा प्रस्ट देखिएको हुनुपर्ने भन्ने आयोजनाको सर्त रहेको देखिन्छ। निवेदकको कि.नं.६५ मा सर्वे नापीकै समयमा घर रहेको भन्ने नापी नक्साबाट देखिइरहेकोमा त्यसलाई विपक्षीले अन्यथा भन्न सकेको छैन । निवेदकले ४५ औं बैठकको निर्णयबमोजिम आफूले ३ वटा घरहरू भत्काई कागजपत्र आयोजनालाई हस्तान्तरण गरेको भनी दाबी लिएको पाइन्छ। विपक्षी सैंबु आवास तथा सेवा विकास आयोजनाले निवेदकको सो दाबीलाई स्पष्टरूपमा खण्डन गर्न सकेको देखिँदैन। केवल समयमा घडेरी पाउन निवेदन मागदाबी नगरेको भनी झिनो तर्क गरेको देखिन्छ। विपक्षी आयोजनाले घर हटाउने घरधनीलाई प्लट घडेरी दिने भनी निर्णय गर्दा यो समयसम्म दाबी गरी सक्नु पर्ने भन्ने कुनै समय सीमा निर्धारण गरेको देखिँदैन । विपक्षीको निवेदनमा कुनै निर्णय गर्नु पर्ने नभएकोले निर्णय नगरेको हो भन्ने आयोजनाको पुनरावेदन जिकिरतर्फ हेर्दा निवेदकले आयोजनासमक्ष मिति २०६४।४।७ मा घडेरी पाउँ भनी दिएको निवेदनमा लामो अवधि व्यतित हुँदासम्म घडेरी पाउने वा नपाउने भन्ने निर्णयसम्म भएको देखिँदैन। सोही आयोजना क्षेत्रभित्रका निवेदकसरहका अन्य घरधनीलाई प्लट घडेरी उपलब्ध गराएको भन्ने देखिँदा निवेदकको हकमा भने आयोजना निर्णयविहीन रहेको देखिँदा उक्त कार्यलाई न्यायोचित भन्न मिल्ने देखिएन । विधिको शासनमा राज्यका निकायहरूले आफूलाई सुम्पिएको जनताको काम समयमै हुने नहुने के हो निकासा दिनु पर्ने हुन्छ । कानूनले तोकेको समयावधिभित्र मागको सम्बोधन पनि नगर्ने र त्यसको जवाफ पनि नदिई त्यत्तिकै थिङ्न्याई गरिराख्न नहुने भनी ने.का.प.२०७० अङ्क ३ नि.नं.८९७५ मा यस अदालतबाट व्याख्यासमेत भइरहेको देखिने।

आम नागरिकले सरकारी कार्यालयमा दिएको निवेदनउपर यथोचित कारबाही गर्ने जिम्मेवारी सो कार्यालयको प्रमुखमा निहित रहने हुन्छ। यसरी काठमाडौँ उपत्यकाका नगरहरूको भौतिक विकास गरी जनसाधारणलाई आवश्यक सेवा सुविधा पुर्‍याउने उद्देश्यले स्थापित निकायले आफूसमक्ष परेको निवेदनउपर बिना आधार कारण लामो समयसम्म कारबाहीविहीन रूपमा राखेको देखिँदा उक्त कार्य कानूनसम्मत भन्न मिलेन । तसर्थ आयोजनासमक्ष परेको निवेदनउपर जे जो बुझ्नु पर्ने बुझी एक महिनाभित्र निर्णय गर्नु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।१२।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७२ साल भदौ ८ गते रोज ३ शुभम्।

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-०७२८, कर्तव्य ज्यान, *छेदी भन्ने शिवपुजन लोनिया वि. नेपाल सरकार*

यस अदालतबाट विपक्षी झिकाउने आदेश हुँदा केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाको राय दिने विशेषज्ञलाई अदालतमा बकपत्र नगराई विशेषज्ञको राय प्रमाणमा लिएको पुनरावेदन अदालतको फैसला फरक पर्ने आधारमा विपक्षी झिकाउने आदेश भएको सन्दर्भमा हेर्दा मृतकको मृत्यु बन्दुकको गोली प्रहारबाट भएको भन्ने कुरा शवपरीक्षण प्रतिवेदनमा उल्लेख भई लासप्रकृति मुचुल्कामा समेत मृतकको शरीरमा गोलीका छर्रा र बारूदहरू रहेको उल्लेख भएको, प्रतिवादीको घरबाट बन्दुक बरामद भई आफूले सोही बन्दुक प्रहार गरी मृतकलाई मारेको भनी मौकामा प्रतिवादीले सनाखत गरेको देखिएको अवस्थामा बन्दुक र बन्दुकको गोलीसम्बन्धमा कुनै विवाद नरहेकोले थप परीक्षणको अनिवार्यता नदेखिएको हुँदा यस अदालतबाट भएको विपक्षी झिकाउने आदेशसँग सहमत हुन सकिएन । प्रतिवादीतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूबाट प्रतिवादीले तर्साउनको लागि बन्दुक निकालेकोले वारदात भवितव्य भएको भन्ने पनि जिकिर लिएको देखिए पनि प्रतिवादीले बन्दुक ताकी मृतकलाई गोली प्रहार गरेको देखिएको र तर्साउनका लागि पनि सामान्य विवादमा सँगै बसेको साथीको छातीमा ताकी बन्दुक प्रहार गर्ने कुरालाई भवितव्यबाट भएको वारदात हो भन्न सकिने अवस्था नहुँदा उक्त जिकिरसमेत मनासिब नदेखिँदा प्रतिवादी शिवपुजन लोनियाले मृतक लोकबहादुर रोक्का मगरलाई पूर्वयोजना एवम् मनसायका साथ छातीमा बन्दुकले गोली प्रहार गरी कर्तव्य गरी मारेको देखिएकोले निज प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।६।३ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७२ साल भदौ २ गते रोज ४ शुभम् ।

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-०७४७, कर्तव्य ज्यान, *झरीलाल चौधरी वि. नेपाल सरकार*

प्रतिवादी र मृतक रातको समयमा मृतकको घरबाट सँगै हिँडेकोमा विवाद छैन । वारदात रातको समय भन्ने पनि देखिएको छ । प्रतिवादी र मृतक सँगै हिँडेकोमा पछिबाट अलगअलग भई मृतक सकुशल घर फर्केको भन्ने प्रतिवादीको भनाइ पनि छैन । राति सँगै भएका दुई व्यक्तिमध्ये त्यसको भोलिपल्ट एकजनाको कर्तव्यबाट मृत्यु भएको अवस्थामा भेट्टिनु, अन्य सबै घटनाक्रम स्वीकार गरी मृत्युको विषयमा मात्र भन्न चाहन्न भन्नु निजको कथन नै विवादास्पद रहेको देखिन आएको छ । वारदात मानिसको बसोबास रहेकोभन्दा फरक एकान्त स्थान र रातको समयमा भएको हुँदा चश्मदिद् गवाहको अभाव रहनु स्वाभाविक नै हुने हुँदा सबै वारदात एवम् अपराधमा चश्मदिद् गवाह हुनैपर्छ भन्ने पनि छैन । कसुरदारले गरेको कसुर प्रमाणित हुन अपराधको अनुसन्धान हुँदा विभिन्न कोणहरूबाट प्राप्त तथ्य र घटनापूर्व देखिका प्रतिवादीका क्रियाकलाप र घटनासम्मका परिस्थितिजन्य प्रमाणहरूसमेतलाई विचार गर्नुपर्ने हुन्छ । प्रतिवादीको मृतकसँगको १० वर्ष अगाडिदेखिको अनुचित सम्बन्ध, जहाँ जाँदा पनि दुवैजना सँगै जाने गरेको विषय, सोही सम्बन्धलाई लिएर प्रतिवादीको घरमा विवाद भइरहने गरेको, २०६३।११।१० गते राति ८ बजेको समयमा सब्रीको

घर गई त्यसपछि दुवैजना भजन किर्तन गर्न भनी सँगै हिँडेको तथ्यमा प्रतिवादीले अन्यथा भन्न नसकेको र सोको भोलिपल्ट २०६३।११।११ गते सब्रीको मृत लास भेटिएको उक्त घटनाक्रमहरू मालाकार कडीको रूपमा जोडिएर आएका छन् । प्रतिवादीले घटनासम्बन्धी अन्य तथ्य स्वीकार गरेको एवम् तिनै तथ्यहरूबाट मृत्युको कारण खुल्न आएको अवस्थामा कसुरमा संलग्नताका विषयमा मात्र भन्न नचाहेको कारणले यी प्रतिवादी निर्दोष हुन् भन्न सकिने अवस्था नहुँदा प्रतिवादी झरिलाल चौधरीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुनसरी जिल्ला अदालतको मिति २०६५।९।१३ को फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६६।१२।४ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल भदौ २ गते रोज ४ शुभम् ।

६

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-WO-०१९५, उत्प्रेषण / परमादेश, *महेशप्रसाद भट्टराई वि. सहरी विकास मन्त्रालयसमेत*

सञ्चालकबाट हटेको एक वर्षसम्म कम्पनीको कर्मचारी वा सल्लाहकार पदमा "उम्मेदवार" हुन नपाउने प्रावधान नरहेको भन्ने प्रत्यर्थीको जिकिर रहेको देखिन्छ । कुनै पनि प्रतिस्पर्धामा उम्मेदवार हुनुको उद्देश्य नियुक्ति पाउनु हो, हकको दाबी गर्नु हो । विज्ञापन भएको पदमा दरखास्त दिँदा त्यससँग सम्बन्धित सर्तहरूको पालना अनिवार्यरूपमा गरिएको हुनुपर्छ । नियुक्तिका लागि योग्य अवस्थामा रहेको व्यक्ति नै त्यस्तो पदको लागि उम्मेदवार हुन सक्छन् र त्यस्ता उम्मेदवारको नै उपयुक्तताको परीक्षण एवम् मूल्याङ्कन गरिने हुन्छ । नियुक्ति हुन अयोग्य व्यक्ति उम्मेदवार हुनका लागि पनि अयोग्य नै हुन्छन् । अयोग्य अवधिभित्र उम्मेदवारको उपयुक्तताको परीक्षण एवम् मूल्याङ्कन चाँहि गर्न मिल्छ भन्नु तर्कसङ्गत एवम् विकेकपूर्ण हुँदैन । सञ्चालक पदबाट हटेको एक वर्षभित्रै कम्पनीको कर्मचारी वा सल्लाहकार पदमा उम्मेदवार हुन चाहिँ पाउने तर नियुक्ति हुन नपाउने भन्ने हो भने यसबाट विरोधाभाषपूर्ण अवस्था सिर्जना हुन जान्छ । तसर्थ सञ्चालकबाट हटेको एक वर्षभित्र समेत उम्मेदवार हुन चाहिँ मिल्छ भन्ने प्रत्यर्थीको तर्कसँग सहमत हुन नसकिने ।

कम्पनीको कार्यकारिणी अधिकार सञ्चालक समितिमा रहन्छ । सञ्चालक समितिले कम्पनीको व्यवस्थापनसम्बन्धी सम्पूर्ण कार्य गर्दछ । यसरी कम्पनीको व्यवस्थापकीय तहको महत्त्वपूर्ण जिम्मेवारी सम्हाल्ने सञ्चालकलाई सोझै कर्मचारीको रूपमा नियुक्त हुन नसक्ने गरी एक वर्ष रोक्नुको अर्थ स्वार्थ विरेचन गर्न चाहिने समय (Cooling Period) दिनु हो । जसको उद्देश्य सञ्चालकबाट हट्नासाथ कर्मचारीको रूपमा नियुक्त हुने वा अन्य स्वार्थ सिद्ध गर्ने गरी काम गर्न नसकून् वा सञ्चालकको पद समाप्त भएपछि सञ्चालक हुँदाको अवस्थामा रहेका निजको स्वार्थपूर्ति गर्ने कुनै कार्य नहोस्, अनुचित लाभ नलिउन, संस्थागत सुशासन कायम होस्, स्वच्छ र निष्पक्ष निर्णय होस् भन्ने नै उद्देश्य अन्तर्निहित रहन्छ । संस्थागत सुशासन कायम गर्न एवम् कसैको निहित स्वार्थ पुरा नहोस् भन्नको लागि यस्तो व्यवस्था गर्ने गरिन्छ । बैंक तथा वित्तीय संस्थाको नियमनकारी निकायको रूपमा रहेको नेपाल राष्ट्र बैंकका गभर्नर र डेपुटी गभर्नरले आफ्नो पदबाट हटेको एक वर्षसम्म कुनै पनि वाणिज्य बैंक तथा वित्तीय संस्थामा काम गर्न

नपाउने गरी रोक लगाएको यस्तै सादृश्य व्यवस्थासमेत नेपाल राष्ट्र बैंक ऐन,२०५८ को दफा ३२(३) मा रहेको देखिन्छ । यसरी मिति २०७१।५।१५ सम्म काठमाडौं उपत्यका खानेपानी लिमिटेडको सञ्चालक पदमा रहेका प्रत्यर्थी रूद्रप्रसाद गौतम सो मितिबाट एक वर्षसम्म कर्मचारीको रूपमा नियुक्त हुन अयोग्य रहेकोमा सोहि अवधिभित्रै अर्थात् मिति २०७१।६।६ बाट सुरू भएको भर्ना प्रक्रियामा सामेल भई मिति २०७१।८।२२ मा महाप्रबन्धक पदमा नियुक्तिको लागी सिफारिस भएकोमा पदपूर्तिको प्रक्रिया अस्वाभाविकरूपमा लम्ब्याई अयोग्य हुने भनेको अवधि नाघेपछि योग्य भएको भन्ने मान्यताको आधारमा मिति २०७२।५।२० मा नियुक्ति दिने दिलाउने कार्य न्यायोचित र स्वस्थकर मान्न नमिल्ने हुँदा प्रत्यर्थी रूद्रप्रसाद गौतमलाई मिति २०७२।५।२० मा काठमाडौं उपत्यका खानेपानी लिमिटेडको महाप्रबन्धक पदमा नियुक्ति दिने दिलाउने कार्य उल्लिखित सेयरधनी सम्झौताको सर्त नं. ८(घ) को स्पष्ट विपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब कानूनबमोजिम बाँकी निर्णय गर्नु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल असोज २० गते रोज ४ शुभम्।

७

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-१०११, निषेधाज्ञा / परमादेश, *नारायणी अञ्चल, पर्सा जिल्ला मुडली गाविस वडा नं. ५ स्थित न्यु जीवन ज्योति बचत तथा ऋण सहकारी संस्था लिमिटेडको तर्फबाट अधिकारप्राप्त भई आफ्नो हकमासमेत लक्ष्मण महतो वि. डिभिजन सहकारी कार्यालय पर्सा वीरगन्जसमेत*

विपक्षी कार्यालयको लिखित जवाफ हेर्दा पुनरावेदन अदालत, हेटौँडाको मिति २०६८।१२।८ को आदेशबमोजिम छलफल गर्ने क्रममा मिति २०६९।५।६ मा बोलाई छलफल गर्दा सहमति कायम नभएको र मिति २०६९।६।२० मा भएको छलफलमा पनि सबै सदस्यहरू उपस्थित नभएको कारण डिभिजन सहकारी कार्यालय, आफैँले सञ्चालक समिति एवम् अन्य समितिको निर्वाचन गराई निकास दिन अनुरोध गरेको देखिन्छ । उक्त सहकारी संस्थाको विनियमको ३३ नं. को अवलोकन गर्दा संस्थाका सञ्चालकहरूको पदावधि तीन वर्षको हुने भई त्यस पहिलेको सञ्चालक समितिको पदावधि मिति २०६८।१०।२० मा नै सकिने देखिन्छ। यसरी संस्थाको सञ्चालक समितिको पदावधि सकिएको र अर्को सञ्चालक समिति निर्वाचन गर्न सहमति नगरी संस्थाका पदाधिकारी आफैँले विपक्षी कार्यालयलाई संस्थाको निर्वाचन गराइदिनु भनी पत्राचार गरेको आधारमा सहकारी ऐन, २०४८ र नियमावली, २०४९ समेतको अधीनमा रही नियमनकारी निकाय डिभिजन सहकारी कार्यालयले निर्वाचन हुने मितिसमेत निर्धारण गरेको देखिँदा सो निर्वाचन रोक्न निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने अवस्था नदेखिने।

पुनरावेदकले संस्थाको खाता सञ्चालनसमेतको लागि परमादेशको आदेश माग गरेकोसम्बन्धमा विचार गर्दा तत्कालीन सञ्चालक समितिको पदावधि मिति २०६८।१०।२० मा सकिने र अर्को सञ्चालक समितिको निर्वाचन गर्ने मिति पनि तोकिसकेको अवस्थामा पुनरावेदकले आफ्नो नामबाट संस्थाको खाता सञ्चालन गर्न निवेदन दिएको देखिए तापनि निजको नामबाट समेत संस्थाको खाता सञ्चालन गर्ने गरी परमादेशको आदेश जारी गर्न मिल्ने

नदेखिएको समेतको आधार र कारणबाट पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।९।५ को आदेश (फैसला) सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गिता घिमिरे (गिरी)

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम्।

८

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-११०२, निषेधाज्ञा, *मैमुल नेसासमेत वि. धुनियाँ खातुनसमेत*

पुनरावेदकहरूको नाममा दर्ता रही भोग चलनमा रहेका जग्गा र फुसको खपडा भएका घरहरू प्रत्यर्थीहरूबाट हस्तक्षेप गर्न सक्नेसमेतका आशङ्का देखाई निवेदन परेको भए तापनि प्रत्यर्थीहरूको लिखित जवाफमा सो कुरा पूर्णरूपमा इन्कार गरेको देखिन्छ । त्यसमा पनि मुख्यरूपमा प्रत्यर्थीहरूले पुनरावेदकहरूको भोग बसोबासलाई पूर्णरूपमा स्वीकार गरी कुनै पनि प्रकारको दाबी खिचोला गर्ने छैनौं भन्ने व्यहोरा उल्लेख गरेको देखिँदा पुनरावेदकहरूको कि.नं. ५ र ६ को जग्गा र सोमा बनेको फुसको घर प्रत्यर्थीहरूले दखल कब्जा गर्ने आशङ्काको विद्यामानता नदेखिने हुँदा पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।९।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे (गिरी)

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम्।

९

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-०८००, उत्प्रेषण / परमादेश, *मुन्नी सिंह वि. कृषि विकास बैंक, शाखा कार्यालय, खजुरा बाँकेसमेत*

प्रस्तुत मुद्दामा झब्बर सिंह भन्ने बच्चा सिंहले खरिद गरी कृषि विकास बैंकको नाममा रहेको ट्रेक्टर पुनरावेदिका र प्रत्यर्थी कृष्णबहादुर सिंह दुईजनामध्ये कसको नाममा नामसारी हुने भनी उपस्थित प्रश्नको सम्बन्धमा विचार गर्दा निवेदिकाको पिता झब्बर सिंह भन्ने बच्चा सिंहको नामको जग्गा प्रत्यर्थी सुशीला सिंहसमेतको नाममा नामसारी भएपछि सो जग्गामा पनि अपुताली हक हुने भनी पुनरावेदिकाले अपुताली हक कायम गरी पाउनसमेत बाँके जिल्ला अदालतमा लिखत बदर र अपुताली हक कायम मुद्दा दायर गरी मुद्दाहरू विचाराधीन अवस्थामा रहेको देखिँदा पुनरावेदिकाको अपुताली हक कायम भएको देखिएन। अपुताली हक नै कायम नभएको अवस्थामा विवादित ट्रेक्टर पुनरावेदिकाको नाममा नामसारी हुने भन्न नमिल्ने हुँदा पुनरावेदन अदालत, नेपालगन्जको मिति २०७०।४।१६ को फैसला सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम्।

१०

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-०४६५, निषेधाज्ञा, *बिन्देश्वर दास तत्मासमेत वि. बदरिदास तत्मा*

सेवकदास तत्माले प्रत्यर्थी निवेदकउपर सो जग्गा बिक्री गर्न लिएको बैना रू. २,००,०००।- को विषयमा लेनदेन मुद्दा दायर गरेको पनि देखिन्छ । उक्त लेनदेन मुद्दामा मुलुकी ऐन, अ.बं. १७१क नं. बमोजिम बारा जिल्ला अदालतबाट भएको मिति २०६८।११।११ को आदेश हेर्दा उक्त जग्गाको बिक्री व्यवहारसम्म रोक्का भएको देखिँदा उक्त

रोक्का आदेशले प्रत्यर्थी बदरीदास तत्माको भोगको अधिकारलाई असर पुर्‍याउन सक्ने अवस्था देखिएन। पुनरावेदकहरू मिति २०६६।४।५ देखि नै उक्त घरमा बसोबास गरिरहेको भन्ने कुरा पुनरावेदकको लिखित जवाफबाट देखिँदा पुनरावेदकहरूबाट प्रत्यर्थीको निवेदन दाबीको कार्य नगरेको भन्न मिल्ने नदेखिएको समेतका आधार र कारणबाट पुनरावेदकहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा पुनरावेदन अदालत, हेटौडाको मिति २०६९।१।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम्।

११

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-०३८०, उत्प्रेषण / परमादेश, *सीताराम तिमिल्सिना वि. नेपाल आयल निगम लि. आपूर्ति, वितरण तथा एभिएसन विभागसमेत*

प्रत्यर्थी सञ्चालक समितिको मिति २०६९।८।१७ मा बसेको १९८० औं बैठकले प्रत्येक ट्रिपमा दिनमा ३०० लिटर नै डिजेल चोरी गरी लगेको परिमाणका दरले हिसाब गर्दा कुल परिमाण ३३०० लिटर खुद्रा बिक्री मूल्यअनुसार हुन आउने रकम क्षतिपूर्ति भराउने भनी निर्णय भएको देखिन्छ भने मिति २०६९।६।२९ को निर्णयअनुसार मिति २०६९।५।१४ देखि लागू हुने गरी तिन महिना निलम्बन गरी चालकलाई ढुवानी कार्य र निगमको डिपो प्रवेशमा पूर्णरूपमा प्रतिबन्ध लगाउनु भन्नेसमेतका व्यहोराले निर्णय गरी इन्धन डिपोलाई निर्देशन दिएको र उक्त निर्देशन अन्तिम भएर रहेको अवस्था देखिँदैन। उक्त निर्णयउपर पेट्रोलियम पदार्थ ढुवानी नियमावली, २०५३ को नियम २३ बमोजिम उजुरी र विक्रेता नियमावली, २०६५ को विनियम ३४ बमोजिम प्रत्यर्थी सञ्चालक समितिमा पुनरावेदन लाग्ने व्यवस्था भएको देखिन्छ। सोबमोजिम पुनरावेदकले प्रत्यर्थी सञ्चालक समितिमा मिति २०६९।१०।४ मा उजुरी एवम् पुनरावेदन गरेको कुरा मिसिल संलग्न रहेको उजुरी एवम् पुनरावेदनको प्रतिलिपिबाट देखिन्छ । यसरी पुनरावेदकले यस मुद्दामा बदर माग गरेको विषय नै बदर गरी पाउन प्रत्यर्थी सञ्चालक समितिमा उजुरी एवम् पुनरावेदन गरेको र सो मा निर्णय हुन बाँकी नै रही पुनरावेदकले माग गरेको उपचार सोही उजुरी एवम् पुनरावेदनबाट संवोधन हुन सक्ने देखिँदा पुनारावेदन अदालत, पाटनबाट मिति २०७०।२।२९ मा भएको आदेश (फैसला) मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-०७५०, निषेधाज्ञा, *रमजान खाँ वि. जिल्ला प्रशासन कार्यलय, बाँके, नेपालगन्जसमेत*

मुख नमिलेको प्रस्तुत विषयमा जिल्ला अदालतमा मुद्दा गर्ने भनी प्रत्यर्थी अगरदिन खाँले आफ्नो लिखित जवाफमा उल्लेख गरेको हुँदा विवादित जग्गामा दुवै पक्षको तेरो मेरोको विवाद समाबेश भएको प्रस्ट देखिन आयो। यसरी पुनरावेदक र प्रत्यर्थीबिच विवादको जग्गामा तेरो मेरो विवाद परी हकबेहकको प्रश्न समावेश भएको अवस्थामा प्रस्तुत विवादको विषयमा पुनरावेदकले लिएको जिकिरबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने देखिन नआउने।

जहाँसम्म प्रत्यर्थीहरूले आफूलाई गैर कानूनी रूपमा थुनामा राख्ने, जीउ ज्यान मार्ने

धम्की दिनेजस्ता कार्यको आशङ्काको बिद्यमानता कायम रहिरहेको अवस्थामा पुनरावेदन अदालत, नेपालगन्जबाट विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने गरी भएको आदेश त्रुटिपूर्ण रहेको भन्ने पुनरावेदकको पुनरावेदन जिकिरतर्फ विचार गर्दा प्रत्यर्थीमध्येका जिल्ला प्रशासन कार्यालय, बाँकेको लिखित जवाफमा त्यस्तो गैर कानूनी कार्य आफ्नोतर्फबाट नभएको र शान्ति सुरक्षाको दृष्टिकोणबाट विवादको विषयमा दुवै पक्षलाई राखी सम्झाई बुझाई मात्र गरेको हो भनी उल्लेख गरेको देखिन्छ । कुनै पनि विषयमा विवाद भई शान्ति सुरक्षामा खलल पुग्न गएमा वा खलल पुग्ने आशङ्का भएमा शान्ति सुरक्षा कायम गर्ने अधिकार स्थानीय प्रशासन ऐन, २०४८ को दफा ६(५) बमोजिम प्रमुख जिल्ला अधिकारीलाई प्रदान गरेको देखिँदा प्रस्तुत मुद्दाको विवादको विषयमा प्रत्यर्थीमध्येका जिल्ला प्रशासन कार्यालय, बाँकेबाट दुवै पक्षलाई उपस्थित गराई सम्झाई बुझाईसम्म गरेको देखिएबाट विपक्षी जिल्ला प्रशासन कार्यालय, बाँकेबाट निवेदकलाई धरपकड गरेको अनावश्यक तारेखमा राखी दुःख दिएको भन्ने निवेदकको निवेदन जिकिरसँग समहत हुन सकिएन । अतएव: प्रस्तुत मुद्दामा निषेधाज्ञाको आदेश जारी नहुने गरी भएको पुनरावेदन अदालत, नेपालगन्जको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

निषेधाज्ञाको आदेश जारी नहुने ठहरी पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६९।१।१७ मा भएको अन्तिम आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७२ साल भदौ ७ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-०८५८, उत्प्रेषण / परमादेश, *देवेन्द्रप्रसाद सिटौला वि. होमप्रसाद गौतम*

प्रस्तुत मुद्दाका प्रत्यर्थी होमप्रसाद गौतमको नाममा जारी गरिएको समाह्वानको मिति २०६३।४।५ को तामेली व्यहोरा हेर्दा रोहवरमा गा.वि.स. सचिवको रूपमा शालिकराम नेपाल रहेको देखिन्छ तर जिल्ला विकास समितिको कार्यालय, काभ्रेपलाञ्चोकको मिसिल संलग्न मिति २०६९।२।७ को पत्रको व्यहोराबाट २०६३।४।५ मा उक्त गा.वि.स. को गा.वि.स. सचिवमा महेशराज पौडेल भएको भनी उल्लेख गरिएबाट उक्त समाह्वान तामेली मितिमा सो गा.वि.स.मा सचिवको पदमा सालिकराम नेपाल नभई महेशराज पौडेल भएको प्रस्ट देखिन्छ । यसरी उक्त तामेली समाह्वानमा कानूनले प्रस्टरूपमा तोकिदिएको सम्बन्धित गा.वि.स. को सचिवलाई रोहवरमा नराखी सो पदमा उनाउ व्यक्तिको नाम उल्लेख गरी तामेली भएको देखिएबाट काठमाडौँ जिल्ला अदालतबाट प्रत्यर्थी होमप्रसाद गौतमको नाममा मिति २०६३ वैशाखमा जारी भई मिति २०६३।४।५ मा तामेल भएको समाह्वान रितपूर्वकको भएको मान्न नमिल्ने ।

समाह्वानको म्याद तामेली हुँदाको दिनमा अर्थात् मिति २०६३।४।५ मा प्रत्यर्थी होमप्रसाद गौतम समाह्वान म्यादमा उल्लिखित ठेगानामा बस्ने नगरेको अवस्थामा निजले उक्त तामेली म्याद प्राप्त गरे होलान् भनी अनुमान गर्न सक्ने अवस्था रहेन । यसरी प्रत्यर्थीको नाममा जारी भएको समाह्वान नै प्राप्त गर्न नसकेको अवस्थामा निजले आफू विरूद्ध लागेको भ्रष्टाचारको मुद्दामा प्रतिवादको मौका प्राप्त गर्न नसकेको नै मान्नु पर्ने ।

वास्तवमा आफू विरूद्ध लागेको

अभियोगमाथि प्रतिरक्षा गर्ने अवसर प्राप्त गर्न पाउनु जुनसुकै व्यक्तिको कानूनी र कार्यविधिगत अधिकार पनि हो । कसैलाई प्रतिकूल असर हुने गरी निर्णय गर्नुपूर्व निजको कुरा सुनुवाइ हुनुपर्ने प्राकृतिक न्यायको सिद्धान्तको (Theory of Natural Justice) मुलभूत मान्यता हो । निजको कुरा सुन्ने प्रयोजनका लागि निजलाई दिइने त्यस्तो सूचना नै म्याद हो । निजलाई सूचना प्राप्त हुन सक्ने विभिन्न विकल्पहरू छन् भने उक्त विकल्पहरू प्र्याप्तरूपमा अवलम्बन गरेको हुनुपर्छ केवल औपचारिकता पुरा गर्ने हिसाबले मात्र सूचनाको अवसरबाट कसैलाई पनि वञ्चित गरिनु नहुने ।

उल्लिखित व्यवस्था, सिद्धान्त, तथ्य, प्रमाण एवम् विवेचनासमेतको आधारमा प्रस्तुत मुद्दाका प्रत्यर्थी होमप्रसाद गौतमको गलत ठेगाना लेखी २०६३ वैशाखमा जारी भएर मिति २०६३।४।५ मा तामेल भएको समाह्वान र निजलाई दोषी ठहर गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०६५।३।१८ को फैसला निजको हकमा मात्र बदर हुने ठहरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।८।६ को अन्तिम आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल भदौ ७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-CR-००२८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जैलम खातुनसमेत*

जाहेरवाला मृतकका पिता एवम् प्रतिवादीहरूका सम्धी, ससुर मजिद कवारीले अदातलसमक्ष बकपत्र गर्दा सोधपुछको क्रममा प्रतिवादीहरूउपर गढाउ गरे पनि जिरहको क्रममा रिसराग र प्रतिवादीहरू भागेको कारण निजको नाम लेखाएको हो, छोरी मोमिना घरबाट भाग्यो भन्ने प्रतिवादीहरूले भनेकोबाट प्रतिवादीहरूले मारेको भनी लेखाएको हो, रिसइवीबाट जाहेरी दिएको हो । छोरीलाई क-कसले मारे मैले देखेको होइन, मैले मोमिनाको हत्या गरेको वादीहरूको संलग्नता रहेको छैन । यी प्रतिवादीहरूले नै कर्तव्य गरी मारेको भनी किटानी कागज गर्नेले कसरी लेखाएको हो निजै जानुन्, सो कागज व्यहोरा झुट्ठा हो भनी बकपत्र गरेको अवस्था छ । मृतक मोमिना खातुनको पोस्टमार्टम रिपोर्टमा cause of death due to strangulation causing constriction of neck structure भनी उल्लेख गरिएकोबाट मोमिना खातुनको घाँटी थिची मारेको हो भन्ने शव परीक्षण प्रतिवेदन देखिए पनि को कसले निजलाई मारेको हो सो कुनै वस्तुनिष्ठ प्रमाण मिसिल संलग्न कागजहरूबाट खुल्न आएको छैन । प्रस्तुत मुद्दामा मृतकको बुबा जाहेरवालाले दिएको आधारमा कारवाही चलेको अवस्थामा जाहेरवालाकै बकपत्रबाट अभियोगमा लिएका आधार खण्डित भएबाट अभियोग दाबी लगाउनु र अभियोग स्थापित हुनु अलगअलग कुरा हुन् । फौजदारी कसुरअन्तर्गत अभियोग दाबी लिँदा सो दाबीलाई पुष्टि गर्ने यथेष्ट प्रमाणहरूको विद्यमानता हुनु अनिवार्य हुने ।

अनुमान तथा शङ्काका भरमा अभियोगलाई स्थापित गर्दै जाने हो भने फौजदारी न्यायको मूल मर्म नै परास्त हुन गई समग्र न्याय प्रणालीप्रति नै वितृष्णा उत्पन्न हुन जान्छ । मृतकका दाजु एवम् जाहेरी दिने मृतकका बाबु जाहेरवालासमेतले जाहेरी व्यहोरा खण्डित हुने गरी बकपत्रसमेत गरेकोबाट कर्तव्य ज्यानजस्तो गम्भीर फौजदारी अपराधमा शङ्का एवम् अनुमानको भरमा यी प्रतिवादीहरूलाई आरोपित गरी सजाय गर्न मिल्ने देखिएन । प्रतिवादीहरू परिवारका

सदस्य हुनुबाहेक कुटपिट गरी मार्नेसम्मको कार्यमा प्रतिवादीहरूको अन्य कुनै काम, कारवाही भएको भन्ने वस्तुनिष्ठ प्रमाणको अभावमा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिमको सजाय निर्धारण गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जाने।

यी प्रतिवादीहरूले नै मृतक मोमिना खातुनलाई कर्तव्य गरी मारेको भनी कुनै खम्बिर प्रमाणबाट पुष्टि हुन नसकेको, जाहेरवाला मृतकका बाबु तथा प्रहरीमा कागज गर्ने मृतकका दाजुसमेतले जाहेरी दरखास्त एवम् मौकाको कागजको व्यहोरा खण्डन हुने गरी रिसइवी, शङ्का, अनुमानको भरमा त्यस्तो व्यहोरा लेखाएको भनी अदालतमा बकपत्र गरेको देखिएको र शव परीक्षण प्रतिवेदन एवम् लास जाँच प्रकृति मुचुल्काबाट मृतकका शरीरका अङ्ग सडेका, लासको छाला खुइलिएको भनी उल्लेख भएकोसमेत देखिन आई यो कारण र यसको कर्तव्यबाट मृतकको मृत्यु भएको भनी खुल्नसमेत नआएको अवस्थामा शङ्का र अनुमानकै आधारमा मात्र यी प्रतिवादीहरूले मृतक मोमिना खातुनलाई कर्तव्य गरी मारेका हुन् भन्ने नदेखिँदा आरोपित कसुरबाट प्रतिवादीहरूले सफाइ पाउने ठहर्‍याएको धनुषा जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६९।९।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-०८९५, लागु औषध (कोरेक्स), *नेपाल सरकार वि. सरोज लिम्बू*

प्रतिवादी काले भन्ने सरोज लिम्बूले लागु औषधको ओसार पसार र कारोबारसमेत गरेको भन्ने अभियोग मागदाबी भई निजका साथबाट एभिल २०, डाइजेपाम २०, नोरेवेसिक २० गरी ६० थानका साथै कोरेक्स १२ बोतल र नाइट्रोसन १० लेखिएकोको १४० ट्याब्लेटसमेत बरामद भएकोमा निज प्रतिवादीले अधिकारप्राप्त व्यक्ति र अदालतमा समेत आफू लागु औषधको सेवनकर्ता भएको भनी स्वीकार गरी बयान गरेको र अन्य साक्षीहरूसमेतले प्रतिवादी सेवनकर्ता भएको भनी बकपत्रसमेत गरेकोसमेतका आधारमा प्रतिवादी लागु औषध सेवनकर्ता रहेको देखिन आयो। बरामद भएको परिमाण अस्वाभाविक रूपमा बढी देखिन नआई सेवनकर्ताले सेवनको लागि पटकपटक जानु नपरोस् भनी बिक्री वितरणको लागि नभई सेवनकै लागि ल्याएको देखिएको अवस्था हुँदा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) बमोजिम सेवनतर्फको कसुर अपराध गरेको देखिन आएकोले प्रतिवादीलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(छ) बमोजिम सेवनतर्फ सजाय हुने देखिन आयो। यस अदालतबाट निस्सा प्रदान हुँदा लिएको आधारसँग यो इजलास सहमत हुन नसकिँदा प्रतिवादी काले लिम्बू भन्ने सरोज लिम्बूबाट बरामद भएको लागु औषध बिक्री प्रयोजनको लागि ल्याएको नभई निज लागु औषधको सेवनकर्ता भन्ने देखिन आएकोले प्रतिवादीबाट बरामद भएको लागु औषधको आधारमा लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१) बमोजिम सुरू जिल्ला अदालतबाट प्रतिवादी सरोज लिम्बूलाई २ दुई महिना कैद र २०००।- जरिवाना हुने ठहरी भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७।२।१९ गते भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको

पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-१०२७, लागु औषध (हेरोइन), *नेपाल सरकार वि. सुरेन्द्र पन्त*

लागु औषध मोटरसाइकलबाट बरामद नभई प्रतिवादीको गोजीबाट बरामद भएको देखिन्छ । प्रतिवादी सुरेन्द्र पन्तको बुबाले प्रयोग गर्ने गरेको मोटरसाइकल लागु औषध ओसार पसारमा प्रयोग भएको भन्ने विषयका सम्बन्धमा बरामद बा.२२ प. ४७६१ नं. मोटरसाइकलबाट बरामद नभई प्रतिवादीको गोजीबाट बरामद भएको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि भइरहेको देखिएकोले व्यापारिक प्रयोजनका लागि लागु औषध ओसार पसार गर्ने प्रयोजनका लागि उक्त मोटरसाइकल प्रयोग भएको भन्ने देखिँदैन । यसबाट व्यापारिक प्रयोजनका लागि बा.२२ प. ४७६१ नं. मोटरसाइकलबाट लागु औषध ओसारपसार गर्नका लागि प्रयोग भएको भन्ने नदेखिएकोले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ बमोजिम मोटरसाइकल जफत गर्न मिल्ने देखिन नआएकोले पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा बरामद भएको मोटरसाइकल सामान्य अवस्थामा घरायसी प्रयोजनका लागि प्रयोगमा रहेको र उक्त मोटरसाइकलमा लागु औषध बिक्री वितरण गर्न लुकाई छिपाई ल्याउन प्रयोग गर्ने गरेकोसमेत नदेखिएको हुँदा बरामद मोटरसाइकल जफत नहुने गरी पुनरावेदन अदालत, पाटनले मिति २०६६।११।११ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल जेठ ३२ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-११४३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. धनलाल तामाङ*

घटना घटेको देख्ने व्यक्ति पहिलो व्यक्ति हिमाली तामाङले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा प्रतिवादी रोएको आवाज सुनेपछि कोठामा पस्दा प्रतिवादी रोइरहेको मृतकलाई काखमा राखी रोइरहेको देखेको भन्ने मृतकलाई पानी खुवाउँदा पानी नखाएको भन्ने लेखाएको र यी कागज गर्ने व्यक्तिहरू कसैले पनि आफूले देखेको अवस्था रहेको छैन । मृतक समाजसेवी भएको समाजसेवामा लागेको कारणले घरमा विवाद हुने गरेको भन्ने मृतकबाट थाहा पाएको भनी उल्लेख गरेका छन् । सोही कुरालाई बकपत्रमा उल्लेख गरेको देखिन्छ । साथै दाजुले कुनै हालतमा मार्न सक्दैन भनी प्रतिवादीको साक्षी आसबहादुर तामाङले बकपत्रमा उल्लेख गरेको देखिन्छ । यस घटनाको प्रत्यक्ष देख्ने साक्षी कोही नभएको अवस्थामा वैज्ञानिक परीक्षण आधार मान्नु पर्ने ।

पोस्टमार्टम रिपोर्टबाट Ligature mark found over neck above thyroid भन्ने उल्लेख भएको, त्यसको आकार पनि पछिल्लो भाग खाली रहेको भन्ने उल्लेख भएकोबाट “भी” आकृति रहेको भन्ने देखियो । घाँटी थिचेर मृत्यु भएको भएमा रूद्रघन्टीभन्दा माथि “भी” आकृति बन्न सक्ने अवस्था

हुँदैन। यसमा मृतक चिनीमायाको मृत्युको कारणको स्पष्ट आधार खुलाउन भनिएकोमा मृतकको मृत्यु झुन्डिएर निस्सासिन गई श्वासप्रश्वास अवरोध भई मृत्यु भएको देखिन्छ भन्नेसमेतको त्रिशूली अस्पताल, नुवाकोटको जवाफ भएको मिसिल संलग्न पत्रसमेतबाट देखिएकोले प्रतिवादीको कर्तव्यबाट मृतक चिनीमायाको मृत्यु भएको देखिन आएन। पोस्टमार्टम रिपोर्टमा bleeding from both nostrils भन्ने उल्लेख भएकोमा आफैँ झुन्डिएको अवस्थामा नाकबाट रगत बग्न सक्छ भनी लेखिआएको छ। कर्तव्यजस्तो गम्भीर अपराध शङ्कारहित तवरबाट पुष्टि हुनु पर्ने हुँदा शङ्काको भरमा मात्र निर्णयमा पुग्नु न्यायोचित नहुने।

प्रस्तुत मुद्दामा प्रतिवादीले अधिकार प्राप्त अधिकारी र अदालतमा भएको बयानमा पूर्ण इन्कार रहेको, मृतकलाई मार्नु पर्नेसम्मको कारण पनि नदेखिएको, मृतकको मृत्यु झुन्डिएर निस्सासिन गई श्वासप्रश्वास अवरोध भई मृत्यु भएको भन्ने पोस्टमार्टम रिपोर्ट र संघर्षको कुनै चिह्न अवशेषसमेत घटनास्थल प्रकृति मुचुल्काबाट नदेखिएको स्थितिमा अभियोगअनुसारको कसुर कायम गरी सजाय गर्न मिल्ने देखिन आएन। प्रतिवादी धनबहादुर तामाङले कर्तव्य गरी मारेको नदेखिँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मृतक चिनीमाया तामाङको मृत्यु कर्तव्यबाट नभई मृत्युको कारण झुन्डिएर मृतक निसासिन गई मृत्यु भएको देखिन आएकोले प्रतिवादी धनबहादुर तामाङले अभियोग दाबीबाट सफाइ पाउने ठहरी पुनरावेदन अदालत, पोखराबाट मिति २०६७।५।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

इति संवत् २०७२ साल साउन १७ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-WO-०३८५, उत्प्रेषणयुक्त आज्ञा आदेश जारी गरिपाउँ, *जिल्ला पर्सा, गा.वि.स. चोर्नी वडा नं. ४ स्थित नेकोन केबि प्लास्टो ई. प्रा. लि. को तर्फबाट अधिकारप्राप्तवाला भई आफ्नो हकमा समेत ऐ.ऐ. प्रा.लि. का महाप्रबन्धक जेठमल महतो वि. रामप्रवेश महतो मण्डलसमेत*

यसमा विपक्षी पुनरावेदकहरूलाई श्रम ऐन, २०४८ को दफा ५१ को उपदफा (ज) को खराब आचरणमा ऐजन ऐनको दफा ५२ को उपदफा (२) बमोजिम जनही दुई/दुई वार्षिक पारिश्रमिक वृद्धि रोक्का भई सेवाबाट हटाउने निर्णय परिवर्तन हुने भनी पुनरावेदकहरू राम प्रवेश मण्डल (महतो), धिरेन्द्र मण्डल(महतो) र लालबाबु चौरसियाले मिति २०६७।८।१३ देखि नै पारिश्रमिक पाउने गरी स्वतः साबिक पदमा पुनर्बहाली हुने ठहरी श्रम अदालतबाट भएको निर्णय निवेदकले बदरको माग गरेको देखिन्छ। उक्त फैसलाबाट निवेदकको कानूनी तथा संवैधानिक हक हनन भएको देखिन आएको छैन। तसर्थ श्रम अदालतबाट पुनरावेदकीय क्षेत्र ग्रहण गरी भएको निर्णय अन्तिम हुने हुँदा सो निर्णयउपर निर्णय अन्तिमताको सिद्धान्तसमेतबाट रिट क्षेत्राधिकारबाट हेर्न मिल्ने देखिन आएन। एउटा कानूनद्वारा गठित साधिकार निकायबाट भएको अन्तिम फैसलालाई असर पर्ने गरी यस अदालतबाट रिट क्षेत्रबाट हेर्न मिल्ने देखिन नआएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

इति संवत् २०७२ साल साउन १९ गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-WH-०००७, बन्दीप्रत्यक्षीकरण, *मेनुका लामा तामाङ वि. कारागार कार्यालय, नख्खु, ललितपुरसमेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११६ को उपधारा (१) को व्यवस्था अनुसार *मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्नेछ* भन्ने वाक्यांशले र मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को अन्तिम वाक्यांशमा रहेको *.......फैसला भइसकेपछि कैद नबस्दै वा थुना कैद बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्था अर्को कसुर गरेकोमा सो कसुरबापत कानूनबमोजिम कैद ठेक्नुपर्छ* भन्ने कानूनी व्यवस्थासमेतले हाल यी निवेदकका पति राज लामा तामाङलाई गैरकानूनी थुनामा राखिएको भन्ने नदेखिई अदालतको फैसलाअनुसार फैसला कार्यान्वयनको सिलसिलामा कैदमा राखेको देखिन आउने हुँदा उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था एवम् मिसिल संलग्न कागजातहरूबाट निवेदकलाई पहिलाको लागु औषध मुद्दामा लागेको कैदबापतको ९ महिना २४ दिन कैदमा बस्न बाँकी रहेको र पछिल्लो मुद्दामा मिति २०७१।०९।०८ मा फैसला हुँदा २ वर्ष १ महिना कैद र रू. १,०१,०००।– जरिवाना भएकोमा मुलुकी ऐन, दण्ड सजायको ४१ नं.को अन्तिम वाक्यांशले अघिल्लो मुद्दामा लागेको कैद भुक्तान हुन बाँकी रहेको हुँदा पछिल्लो अपराध गरेमा अघिल्लो कैद जरिवाना पछिल्लो मुद्दामा लागेको कैद जरिवाना खापिन नसक्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: प्रेम खड्का

इति संवत् २०७२ साल भदौ २४ गते रोज ५ शुभम्।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-०५८९, उत्प्रेषण / परमादेश, *रामचन्द्र सिवाकोटी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपालको अन्तरिम संविधान २०६३ को धारा १८ (३) मा समेत अपाङ्ग नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षा हुने भनी प्रत्याभूत गरेको छ। साथै निजामती सेवा ऐन, २०४९ को दफा १८ (४) क. समेतले मेडिकल बोर्डले सिफारिस गरेको अवस्थामा कुनै स्थानमा कार्यरत निजामती कर्मचारी अशक्त भएमा तोकिएको अवधि नपुग्दै सामान्य प्रशासन मन्त्रालयको सिफारिसमा उपदफा ३ मा जुनसुकै कुरा लेखिएको भए पनि सरूवा गर्न सक्ने कानूनी व्यवस्था गरी अशक्त कर्मचारीलाई विशेष संरक्षण दिइएको समेत कानूनी व्यवस्थालाई हेर्दा निवेदकलाई सामान्य प्रशासन मन्त्रालयको मिति २०७०।०५।२३ को निर्णय एवम् सो निर्णयका आधारमा सहरी विकास मन्त्रालयबाट मिति २०७०।०८।१० को निर्णयले भवन प्रविधि एवम् अनुसन्धान तालिम केन्द्र, हेटौंडामा पदस्थापन गरिएको मिति २०७०।१०।१४ को पत्र र सोका आधारमा श्रम विभागबाट मिति २०७०।१०।१९ देखि लागू हुने गरिदिएको मिति २०७०।१०।१४ को रमानापत्र उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ। निवेदकलाई यथावतरूपमा श्रम विभाग, काठमाडौंमा कामकाज गर्न दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

इति संवत् २०७२ साल साउन १९ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CI-००५४, परमादेश /

निषेधाज्ञा, *विकासलाल श्रेष्ठ वि. सनसाइन सेभिङ एन्ड लोन कोअपरेटिभ लि. ई.एम.सी. भवन त्रिपुरेश्वर, काठमाडौंसमेत*

यिनै निवेदक पुनरावेदकको विपक्षी विनोदलाल श्रेष्ठसमेत उपर काठमाडौं जिल्ला अदालतमा अंश मुद्दा परी कि.नं. ५६, ७६, १६९, ३३५ समेतको जग्गा सनसाइन सेभिङ एन्ड लोन कोअपरेटिभ लि. बाट रोक्का रहेकोमा उक्त लिमिटेडबाट रोक्का फुकुवा भएको अवस्थामा उक्त कि.नं. का जग्गाहरूलाई ४ भागको २ भाग रोक्का राखिपाउँ भनी अंश मुद्दामा परेको निवेदनको आधारमा ४ भागको २ भाग रोक्का राख्ने आदेश भएउपर दोहोरो रोक्का फुकुवा गरिपाउँ भनी विपक्षी सनसाइन सेभिङ एन्ड लोन कोअपरेटिभ लि. को काठमाडौं जिल्ला अदालतमा परेको निवेदनमा कम्पनीले राखेको अघिल्लो रोक्काको प्रयोजनको लागि राखेको रोक्का अंश मुद्दामा बाधक नभएको भनी अघिल्लो रोक्का अनुसारको कारवाही गर्न अंश मुद्दामा भएको रोक्का फुकुवा गर्ने गरी आदेश भएको र सोउपर यिनै पुनरावेदकको १७ नं. बमोजिमको निवेदन परेकोमा पुनरावेदन अदालत, पाटनबाट जिल्ला अदालतको आदेश परिवर्तन गर्न नपर्ने गरी निर्णय भई अदालतबाट मिति २०६७।९।३० मा आदेश भएअनुसार नै मालपोत कार्यालय, चाबहिलले उक्त रोक्का रहेको जग्गा फुकुवा गरेको मिसिलसंलग्न कैफियत प्रतिवेदनमा भएको आदेशको छायाँप्रति कागजसमेतबाट देखिँदा यसबाट उक्त कार्यालयले बेरीतसँग रोक्का फुकुवा गरेको भन्ने अवस्था देखिन नआउने।

सगोलमा छँदै लिएको कर्जाबापत धितो दिए लिएको विवादित जग्गा पछि परेको अंश मुद्दाको रोहबाट सो अंश मुद्दा किनारा नलागेसम्म फुकुवा गर्ने तथा लिलाम सकार गर्ने कार्य स्थगित गर्नको लागि परेको निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुनसक्ने अवस्थाको विद्यमानता नदेखिँदा निवेदकहरूको निवेदन खारेज हुने ठहरेको पुनरावेदन अदालत, पाटनको फैसला मनासिबै देखिन आउने हुँदा उल्लिखित तथ्य एवम् प्रमाणसमेतको आधारमा पुनरावेदकको पुनरावेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता नदेखिँदा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।०८।२१।०४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल असार १५ गते रोज ३ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-०१८१, कर्तव्य ज्यान, *बिन्दु राना वि. नेपाल सरकार*

प्रतिवादीले आफ्नो पुनरावेदनमा पति मृतक सूर्यबहादुर रानालाई मार्नमा आफ्नो संलग्नता थिएन भनी जिकिर लिए पनि अदालतमा निजले गरेको बयानमा प्रेमबहादुर रातको समयमा घरमा आएको त्यसै दिन मृतकलाई आवश्यकताभन्दा बढी जाँड सेवन गराएको, मृतकलाई मारेपछि घरको डोको प्रयोग गर्न दिई बोकी फालेकोजस्ता निजले उल्लेख गरिदिएका भनाइबाट निजको साथ र सहयोगबिना प्रेमबहादुर एक्लैले मृतक सूर्यबहादुर रानालाई कर्तव्य गर्नसक्ने स्थिति देखिन आउँदैन । प्रतिवादी बिन्दु रानाले पति

बेपत्ता भएको ८, १० दिनसम्म कहीँ कतै खबर नगरी बेपत्ता भयो भनी कर्तव्यबाट बच्ने उपाय अपनाउने प्रयास गरेको देखिन्छ । पुनरावेदिका प्रतिवादीको अधिकारप्राप्त अधिकारी र अदालतसमेतमा भएको बयान एवम् मृतकको मृत्युको प्रकृति र लास भेटिएको स्थानसमेतका वस्तुस्थितिजन्य प्रमाणहरू एक आपसमा क्रमबद्धरूपमा मिलेको पाइन्छ। पुनरावेदिका प्रतिवादीको अदालतमा भएको बयानसमेतबाट निजको संलग्नताबिना मृतक पति सूर्यबहादुर रानाको कर्तव्य गर्न प्रतिवादी प्रेमबहादुर रानालाई असम्भव रहेको देखिन आउँछ। तसर्थ पुनरावेदिका बिन्दु रानाले प्रेमबहादुरसँग फोनमा योजना बनेअनुसार अत्यधिक जाँड सेवन गराएको र धतुरोजस्तो घातक विषजन्य पदार्थ दिउँसोको समयमा खोजी, पिसी, धुलो बनाई जाँडमा राखिदिएका जस्ता निजबाट भएका आपराधिक क्रियाकलापहरूबाट मृतकलाई मार्नमा निज उद्यत रहेको भन्ने नै देखिन आउँछ । यसरी मिसिल संलग्न कागज प्रमाणबाट मृतकलाई कर्तव्य गर्नमा प्रतिवादीको स्पष्ट संलग्नता देखिएको हुँदा पुनरावेदिका प्रतिवादी बिन्दु रानालाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय ४ अनुरूप जन्मकैद सजाय हुने गरी पुनरावेदन अदालतबाट भएको फैसलामा कुनै त्रुटि रहेको नपाइने हुँदा प्रतिवादी बिन्दु रानालाई अभियोग दाबीबमोजिम जन्मकैद हुने गरी सुरू अदालतबाट भएको फैसला सदर गरी पुनरावेदन अदालत, तुलसीपुर, दाङबाट मिति २०६९।१०।२४ मा भएको फैसला मिलेको हुँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल चैत २६ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-१०३२, जबरजस्ती करणी, हाडनाता करणी, *रामबहादुर वि.क. वि. नेपाल सरकार*

पीडिताको शरीर र कपडा परीक्षण गर्दा Vaginal swab समेतका दशी प्रत्यक्षरूपमा नदेखिएको विषयलाई प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउनुपर्छ भनी पुनरावेदन जिकिर लिएको देखिन्छ । वादी र प्रतिवादीको मुख नमिलेको कुरामा के कसो हो भनी सबुद प्रमाण बुझ्नुपर्ने हुन्छ । सरकार वादी फौजदारी मुद्दामा पनि कुनै दबाब नदिई जाहेरवाला वा पीडितले केही भन्छ र प्रतिवादीले पनि कुनै दबाबमा नपरी त्यो तथ्य स्वीकार्छ भने त्यस्तो कुरा पुष्टि गर्न अन्य सबुद प्रमाणको विवेचना गरिरहनु पर्दैन । यस मुद्दाको तथ्यमा विचार गर्दा पीडिताले प्रतिवादी पिताले जबरजस्ती करणी गरेको भनी अदालतसमेतमा किटानी बकपत्र गरेको पाइन्छ। पीडिताको दिदीले पनि प्रतिवादीले आफूलाई पनि जबरजस्ती करणी गर्ने गरेको भनी दिएको अवस्था छ । प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमेतमा बयान गर्दा कसुरमा साबित रहेको देखिन्छ । उक्त पीडिताले भनाइ र प्रतिवादीको अदालतको बयानसमेत कुनै दबाबबाट भएको हो भन्ने वस्तुगत रूपमा पुष्टि भएको देखिँदैन। यसरी प्रतिवादीको कसुर, वारदातको प्रकृति, पीडिताको बकपत्र र प्रतिवादी स्वयम्ले स्वतन्त्ररूपमा अदालतसमक्ष गरेको बयानबाट पुष्टि भइरहेको हुँदा अन्य प्रमाणको विवेचना गरिरहनु नपर्ने भई प्रतिवादीको उक्त जिकिरसँग सहमत हुन नसकिने हुँदा पुनरावेदक प्रतिवादी रामबहादुर वि.क.लाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय २ बमोजिम ८ वर्ष र सोही ऐनको २ नं. तथा हाडनाता करणी महलको १ नं. अनुसार

१० वर्षसमेत १८ वर्ष कैद हुने ठहर्‍याई पुनरावेदन अदालत, तुलसीपुर, दाङबाट मिति २०६९।२।२८ मा भएको फैसला मिलेको हुँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल चैत २६ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०४८०, लागु औषध (खैरो हेरोइन), *नेपाल सरकार वि. श्रीमती अन्जली तामाङसमेत*

प्रतिवादी रत्न के.सी. अर्का प्रतिवादी अन्जली तामाङबाट लागु औषध मिति २०६५।१।२० मा बरामद हुँदा लागु औषध मुद्दामा काठमाडौं जिल्ला अदालतको मिति २०६३।८।२७ को फैसलाले लागेको कैद भुक्तानीका लागि कारागार शाखा, नख्खुमा थुनामा रहेको देखिन्छ । प्रतिवादी रत्न के.सी.ले अन्जली तामाङसँग मिलेमतो गरी निजमार्फत लागु औषधको कारोबार गरेको अभियोग पूर्णरूपमा अस्वीकार गरी अदालतमा बयान गरेको पाइन्छ । प्रतिवादी अन्जलीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मिलोमतो गरी लागु औषधको कारोबार गरेको भनी पोल गरे पनि अदालतमा बयान गर्दा निजको संलग्नता देखाएको पाइँदैन। कारागारमा रहेको व्यक्ति रत्न के.सी. सँग प्रतिवादी अन्जलीको फोन सम्पर्क भएको कल डिटेलसमेतका प्रमाण वादीतर्फबाट पेस हुन सकेको छैन । मिसिल संलग्न रहेका उक्त तथ्यको रोहमा सुरक्षा नियन्त्रणमा थुनामा रहेको व्यक्ति रत्नबहादुर के.सी.ले कारागारभित्रैबाट लागु औषधको सङ्गठित अपराध सञ्चालन गरेको भनी अभियोग दाबीअनुरूप कसुरदार ठहर्‍याउन कानूनसङ्गत नहुने हुँदा निजलाई आरोपित कसुरबाट सफाइ दिने गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेकै देखिँदा निजलाई अभियोगबमोजिम सजाय हुनुपर्छ भन्ने पुनरावेदन जिकिर न्यायसङ्गत देखिन नआउने हुँदा प्रतिवादीमध्येका अन्जली तामाङको घरबाट बरामद भएको रू. ४०,०००।– लागु औषध बिक्री गरी आर्जित गरेको हो भन्ने सबुत प्रमाणको अभाव भएकोले सो जफत नहुने र प्रतिवादी रत्न के.सी. ले अभियोग दाबीबाट सफाइ पाउने गरी जिल्ला अदालत, काठमाडौंबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।२।२ मा भएको फैसला सदर हुने ठहर्छ । बरामद रकम जफत नगरेको र प्रतिवादी रत्न के.सी. लाई सफाइ दिएको मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कपिलमणि गौतम

इति संवत् २०७२ साल चैत २४ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०९८५, कर्तव्य ज्यान र जबरजस्ती चोरी, *नेपाल सरकार वि. राष्ट्रिय भन्ने हेमेन्द्र पुन*

बकपत्र व्यहोरामा मृतकलाई प्रतिवादीले मृतकको घरमा हानेको देखेको हुँ भनी भन्न सकेको छैन । खुकुरीसमेत प्रयोग गरेको भनेको देखिन्छ । तर, खुकुरी बरामद हुन सकेको छैन । लासको घाउ प्रकृतिबाट पनि खुकुरीले हानेको प्रकृतिका घाउ मृतकका शरीरमा रहेको देखिँदैन । शव परीक्षण प्रतिवेदनमा पनि धारिलो हतियार प्रयोग भएको खुल्न सकेको पाइँदैन । सिलसिला नै नमिलाई लास जाँच मुचुल्का र सब परीक्षणजस्ता भौतिक प्रमाणको विपरीत हुने गरी निज नरबहादुरले गरेको उक्त बकपत्र

प्रमाणयोग्य रहेको देखिँदैन । यस परिस्थितिमा पुनरावेदनमा जिकिर लिएअनुरूप प्रतिवादी राष्ट्रिय भन्ने हेमेन्द्र पुनले पूर्व रिसइवी राखी पूर्वयोजनाअनुरूप मनसायपूर्वक मृतकलाई कुटपिट गरेको भन्ने वादीको अभियोग दाबी पुष्टि हुनसक्ने नदेखिने ।

मृतकले प्रतिवादीको घरमा गई तत्काल अश्लील शब्द बोल्ने, पालेका ढुकुरका जोडी मारिदिनेसमेतका कार्य गर्दा प्रतिवादीमा तत्काल आवेग उत्पन्न भई तत्काल हात मुक्काले अनुहार र मुखमा हान्दा मृतक अचानक प्रतिवादीको घर आँगनमा रहेको ढुङ्गामा ठोक्किन गई आँखाको नजिकमा घाउचोट लागी रगत बगेको र सोही चोटका कारण मृतकको भोलिपल्ट मृत्यु भएको मिसिल संलग्न तथ्यबाट स्थापित भएको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिम प्रतिवादीलाई सजाय गर्ने ठहर गरेको पुनरावेदन अदालतको फैसला कानूनअनुरूपको नै देखिने हुँदा सुरू फैसला केही उल्टी गरी प्रतिवादी राष्ट्रिय भन्ने हेमेन्द्र पुनलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. अनुसार १० वर्ष कैद हुने गरी पुनरावेदन अदालत, बागलुङबाट मिति २०६९।१०।२३ मा भएको फैसला मिलेको हुँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कपिलमणि गौतम
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७२ साल चैत २४ गते रोज ४ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-RB-००२६, ००५४, सञ्चालकको निर्वाचन बदर, *काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३१ बागबजारस्थित नेपाल क्रेडिट एन्ड कमर्श बैंक लिमिटेड कार्यालयको तर्फबाट अख्तियारप्राप्त कार्यकारी प्रमुख अमृतचरण श्रेष्ठसमेत वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३१ कमलादीस्थित नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको अख्तियारप्राप्त महाप्रबन्धक केशव दुवाडी, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३१ कमलादी गणेशस्थान स्थित एनबि ग्रुप (नेपाल) प्रा.लि.को तर्फबाट अख्तियारप्राप्त सुन्दरराज पुडासैनीसमेत वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३१ कमलादीस्थित नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको अख्तियारप्राप्त महाप्रबन्धक केशव दुवाडी*

कम्पनी ऐन, २०६३ को दफा १८७ मा भएको व्यवस्थालाई दुवै पक्षले बाध्यात्मकरूपले पालना गर्नुपर्ने नैं देखिन्छ । बाध्यात्मकरूपले पालना गर्नुपर्ने कानूनी व्यवस्था रहेको स्थितिमा समझदारी पत्रको परिपालना गर्नुपर्नेमा समझदारी पत्रको दफा ३ मा भएको व्यवस्थालाई अनदेखा गरी सञ्चालक निर्वाचनमा लैजाने विपक्षी बैंकको कार्य पक्षहरू बिच भएको समझदारी एवम् कम्पनी ऐनको दफा १८७ अनुरूपको रहेछ भनी मान्न मिल्ने देखिएन । समझदारी पत्रमा दुई पक्ष बिच सञ्चालक प्रतिनिधित्वबारे असहमति भएमा निर्वाचनमा जाने उल्लेख नहुनुका साथै यस्तो परिस्थिति उत्पन्न भए के हुने भन्ने उल्लेख नभएको अवस्थामा कम्पनी ऐन, २०६३ को दफा १८७ अनुरूप पक्षहरू बिच भएको समझदारी बाध्यात्मकरूपमा लागू हुने नै देखिन्छ । उक्त व्यवस्था पक्षहरूलाई बाध्यात्मक हुने भएपछि मिति २०६८।१२।६ मा भएको निर्वाचनले मान्यता पाउँछ भन्न नमिल्ने हुँदा निवेदक / पुनरावेदक नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड र

पुनरावेदक / विपक्षीमध्येका एन.वि.ग्रुपका बिच भएको मिति २०५३।४।१० को समझदारी पत्रअनुसार सञ्चालकमा मनोनित हुने पालो नेपाल इन्स्योरेन्सको भएको र सो स्थिति हुँदाहुँदै एन.वि. ग्रुपलेसमेत मनोनयन पठाएको कार्य नै कम्पनी ऐन, २०६३ को दफा १८७ विपरीत रहेको देखिन आयो। यसरी दोहोरो मनोनयन परेको भनी गरिएको मिति २०६८।१२।६ को निर्वाचन एवम् सोसम्बन्धमा २०६८।१२।७ को वार्षिक साधारण सभाबाट भएको सम्पूर्ण कामकारवाही तथा नियुक्तिसमेत बदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल पुस १९ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-WO-०६७५, उत्प्रेषण, *रमाकान्त सिंह वि. नन्दलाल सिंहसमेत*

फैसला भइसकेपछि सो फैसलाको कार्यान्वयन हुनुपर्दछ । फैसला कार्यान्वयन गर्न कै लागि हो । फैसला कार्यान्वयनबिना पक्षलाई न्यायको महसुस हुन सक्दैन । मुद्दाको दुवै पक्षले अदालतका निर्णयलाई स्वीकार र ग्रहण गर्नु पर्दछ । अदालत न्यायको लागि आउने हुँदा सफा हातले आउनु पर्ने।

न्याय प्राप्त गर्ने क्रममा कुनै समस्या उत्पन्न भएमा वा विकल्प नभएमा मात्र असाधारण बाटो समात्ने हो । निवेदकले सबै साधारण कानूनी बाटोको प्रयोग गरी रिटक्षेत्रमा प्रवेश गरेको देखिन्छ । प्रस्तुत निवेदनमा निवेदक सफा हातले अदालत आएको पनि देखिँदैन । पहिले जग्गाको पञ्चकृते मूल्याङ्कन भएको कुरालाई लुकाई पछि बोट विरूवाको मात्र भएको देखाउँदा अदालतबाट अन्तरिम आदेशसमेत जारी भएको देखियो । यसरी खास तथ्य लुकाई निवेदकले फैसला कार्यान्वयनलाई रोक्न प्रस्तुत निवेदन दिएको देखिँदा प्रस्तुत निवेदनको औचित्य नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल साउन २८ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-१२७०, उत्प्रेषण, *कौशल्या देवी वि. दुर्गा देवी थापासमेत*

असाधारण क्षेत्राधिकार कानून प्रतिकूलको क्षेत्राधिकार नभई कानूनकै परिपूरकको क्षेत्राधिकार हो। यसको प्रयोग सामान्य अवस्थामा हुने होइन। कानूनले स्पष्टरूपमा कार्यविधि तोकी दण्ड सजायको ४८ तथा अ.बं. ६५ नं. को व्यवस्था अनुरूप कामकारवाही गरी ती काम कारवाहीको न्यायिक परीक्षणसमेत भई आदेशको अन्तिमता भइसकेकोमा पुनः रिटबाट हेर्न सकिने अवस्था नहुने।

असाधारण क्षेत्रबाट क्षेत्राधिकारको अभाव, क्षेत्राधिकारको इन्कारी, कानूनको त्रुटि, दूषित निर्णय आदि भएमा आदेश जारी गर्ने हो। सारवान् कानूनलाई कार्यविधि कानूनले डोर्‍याउने हो। कार्यविधि कानून र सारवान कानून दुवैको प्रयोगमा पक्षले आफ्नो सहभागिताबाट चुक्नु हुँदैन । सारवान् र कार्यविधि कानून एकको अभावमा अर्काको अस्तित्व नरहने हुँदा अदालतले कार्यविधि कानूनलाई कम मूल्याङ्कन गरी रिट क्षेत्रबाट हस्तक्षेप गर्न मिल्दैन। म्यादभित्रै उपस्थित भई आफ्नो हक अधिकार प्रयोग नगरी म्याद नघाई

थाम्ने थमाउने म्यादसमेत समाप्त गरी साधारण कानूनी अधिकार त्याग गरी असाधारण अधिकारको खोज गर्नुलाई उचित मान्न नसकिने।

विलम्बले समन्यायलाई पराजित गर्नेसमेत हुँदा निवेदकलाई असाधारणक्षेत्रअन्तर्गत ढिलो गरी आएको अवस्थामा अदालतले सहयोग गर्न सक्दैन । सामान्य कानूनी अधिकारको बाटो गुमाई असाधारण अधिकारको बाटोबाट आफ्नो अधिकारको खोजी गर्ने कार्य समन्यायिकसमेत देखिँदैन । २०६८।२।९ तारेख गुजारेकोमा २०६९।३।३१ मा तामेलीमा राख्ने आदेश भएउपर निवेदकले २०६९।३।२२ मा करिब एक वर्ष पछि मात्र निवेदन दिउकोमा तामेली आदेश पुनरावेदन अदालतबाट २०६९।५।१ मा सदर र सो आदेशउपर २०७०।२।२० मा मात्र प्रस्तुत रिट निवेदन दिएको देखिँदा धेरै विलम्ब गरी आएको प्रस्तुत निवेदनबाट रिट जारी हुन नसक्ने भई निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल साउन २८ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-०२३७, भ्रष्टाचार, *केशवप्रसाद भट्टराई वि. प्रा.डा. रामकुमार सिंहसमेत*

उत्तरपुस्तिका कोडिङ गर्ने कार्य यस्तो तथा यसरी मात्रै गर्न सक्ने भन्ने निश्चित कार्यविधि भएको देखिएको छैन । कोडिङ हुनैपर्ने बाध्यात्मक कार्यविधिको स्पष्टताको पुष्टि वादीद्वारा गरेको पनि नदेखिने।

आफ्नो जिम्माको परीक्षासँग सम्बन्धित उत्तरपुस्तिका तथा सोसँग सम्बन्धित कागजातहरू प्रतिवादीले बुक गरेको होटलमा राख्न नसक्ने भन्ने कहीँ कतैबाट स्थापित पनि छैन। परीक्षासँग सम्बन्धित पदाधिकारीले अवस्थाअनुसार परीक्षाको गोपनीयता तथा संवेदनशीलतालाई ध्यानमा राख्दै सोको लागि उचित निर्णय गर्नसक्ने नै मान्नु पर्ने।

उत्तरपुस्तिकाको व्यवस्थापन परीक्षा उपसमितिका जिम्मेवार पदाधिकारीद्वारा होटलमा गरिएको कोडिङको कार्यलाई गैरकानूनी मान्न मिल्ने नदेखिने।

कम्प्युटर प्रणालीद्वारा परीक्षण गरिने उत्तरपुस्तिकाहरू कोडिङ गर्ने उद्देश्यले उत्तरपुस्तिकाको सिलबन्दी खाम खोल्नेसम्मको मात्र कार्य प्रतिवादीद्वारा गरेको पुष्टि भएको अवस्थामा प्रतिवादीहरूबाट भ्रष्टाचारको कार्य गरेको भनी मान्न मिल्ने देखिँदैन। भ्रष्टाचार नैतिक पतन देखिने गम्भीर प्रकृतिको कसुर हो । फौजदारी कसुर प्रमाणद्वारा सुस्पष्टरूपमा स्थापित भएको अवस्थामा मात्र प्रतिवादीलाई दोषी मान्न सकिन्छ। प्रचलित कानूनको बाध्यात्मक व्यवस्थाको उल्लङ्घन तथा कानूनले गर्न भनेको कुराको पालना नगरेमा मात्र फौजदारी दायित्वको सिर्जना हुन्छ । फौजदारी दायित्वको पुष्टि नभइकन दोषी ठहर गर्न विधिशास्त्रले दिँदैन । प्रतिवादीको मनसाय तथा कार्य अनियमितता गर्ने तथा भ्रष्टाचार गर्ने प्रति उन्मुख नदेखिई उत्तरपुस्तिकाको coding सँग सम्बन्धित रहेको देखिँदा प्रतिवादीहरूको कार्य फौजदारी दायित्वबाट मुक्त देखियो। गैरकानूनी लाभ वा हानि पुर्‍याउने कार्य के कसरी भयो भन्ने कुराको पुष्टि हुन सकेको अवस्थासमेत नहुँदा प्रस्तुत मुद्दामा प्रतिवादीहरूको संलग्नता पुष्टि हुन आएको

नदेखिने ।

प्रतिवादी नवीनकुमार भट्टराईलाई जिम्मा दिएको उत्तरपुस्तिकाहरू कम्प्युटरबाट परीक्षण गर्ने उद्देश्यको लागि प्रतिवादीले बुकिङ गरेको होटलको कोठामा कोडिङ गर्ने प्रयोजनका लागि उत्तरपुस्तिकाको खाम बन्दी खोल्नेसम्मको कार्यबाट प्रश्नपत्रको गोपनीयता भङ्ग, परीक्षाको परिणाममा फेरबदल हुन सक्ने पूर्वावस्थाको सिर्जना र सोबाट उक्त दफा १७ बमोजिम पूर्वाञ्चल विश्वविद्यालयको सम्पत्तिको हानि नोक्सानी हुनसक्ने स्थितिको सिर्जना हुनसक्ने देखिँदैन । यसरी हेर्दा प्रतिवादीहरूको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ विपरीतको कार्य मान्न मिल्ने देखिएन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सम्बन्धित उत्तरपुस्तिकाहरू समेत आफ्नो कब्जामा लिएबाट पूर्वाञ्चल विश्वविद्यालयको कार्यकारी परिषद्को मिति २०६८।९।२९ को बैठकबाट उक्त B.Sc. Nursing को दोस्रोपटक लिएको प्रवेश परीक्षा रद्द गर्नुपर्ने परिस्थितिको सिर्जनासमेत भएको देखियो। यसरी प्रतिवादीहरूको कार्य भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा १३, १७, र २१ प्रतिकूल देखिन नआएको हुँदा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदकको जिकिरसँग सहमत हुन नसकिने ।

उपर्युक्त विवेचित आधार कारणबाट विशेष अदालतबाट मिति २०७०।२।९ मा प्रतिवादीहरू उपरको आरोपपत्रको दाबी पुग्न नसकी निजहरूले सफाइ पाउने ठहर्‍याई गरेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असोज १७ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-०७२५, ०९१३, कर्तव्य ज्यान, *रेवन्तबहादुर गाहामगर वि. नेपाल सरकार, ऋषिराम चौधरी वि. नेपाल सरकार*

प्रतिवादीहरू रेवन्तबहादुर गाहा मगरले मौकामा बयान गर्दा विकाश गुरूङ र ऋषिराम चौधरीले हतियारले हानेका हुन् । मैले लखेट्ने क्रममा १/२ पटक मात्र हानेको हो । मैले लाठीले हानेको हुँ भनी बयान गरेको र प्रतिवादी ऋषिराम चौधरीले म रिसको आवेशसम्म आई पसले दिदीको भान्सा कोठाबाट लगेको फलामको तिखो टुप्पो भएको दाउले हानेको हुँ भनी कसुर गरेको तथ्य स्वीकार गरी बयान गरेकोमा दाउले हानेको हुँ भन्ने ऋषिराम चौधरीको बयानलाई लास जाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदनमा देखिएका Multiple stabbed wound ले थप पुष्टि गरी रहेकोले यी प्रतिवादीहरू रेवन्तबहादुर गाहामगर र ऋषिराम चौधरीको कुटपिट तथा प्रहारबाट किरण मल्लको मृत्यु हुन आएको देखिने ।

मिसिल संलग्न प्रमाणबाट विमला रानाको पसलमा रक्सी नास्ता खाँदा सोकेसको सीसा फुटेको विषयमा वादविवाद भएको देखिएको तथा यी पुनरावेदक प्रतिवादीहरू रेवन्तबहादुर गाहामगर र ऋषिराम चौधरीसमेत भई मृतकलाई लखेट्दै गई वारदातस्थलमा पुगी रेवन्तबहादुर गाहामगरको साथमा रहेको लाठी र ऋषिराम चौधरीको साथमा रहेको दाउजस्तो जोखिमी हतियारसमेत प्रयोग गरी पटकपटक मृतकको शरीरमा प्रहार गरेका र यो यसको चोटबाट मृत्यु भएको भन्ने नदेखिए तापनि यी प्रतिवादीहरूसमेतको कुटाई प्रहारसमेतको कारणबाट मृतकको मृत्यु भएको घटनाको सिलसिलाबद्ध चित्रण स्वयम् प्रतिवादीसमेतको बयानबाट खुली

मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भएकोले निज प्रतिवादीहरू रेवन्तबहादुर गाहामगर र ऋषिराम चौधरीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर्‍याएको सुरू तथा पुनरावेदन अदालतको फैसला मिलेकै देखिने।

प्रतिवादीहरू रेवन्तबहादुर गाहामगर र ऋषिराम चौधरीको हकमा सुरू नवलपरासी जिल्ला अदालतले अ.बं. १८८ नं. को राय व्यक्त गरी निजहरूलाई जनही १० वर्ष कैद सजाय ठहर्‍याएकोमा पुनरावेदन अदालतले राय व्यक्त गरेको देखिएन । निज प्रतिवादीहरूको हकमा अ.बं. १८८ नं. बमोजिम राय व्यक्त हुनसक्ने अवस्था छ, छैन ? भन्नेतर्फ हेर्दा प्रतिवादीहरू मृतक किरणकुमार मल्ल र निजका साथीहरूसँग प्रतिवादीहरू रेवन्तबहादुर गाहामगर, ऋषिराम चौधरीका साथीहरू दुई समुहबिच होटलमा सिसा फुटेको विषयसमेतमा वादविवाद झैझगडा भएको, सोही बखत रातको समयमा होटलमा बसी खाजा नास्ता खाएको अवस्थामा धकेलाधकेल गरेको र होटलमा सिसा फुटेकोसमेतका विषयलाई लिएर होटलबाहिर आएपछि पनि पुन: वादविवाद झैझगडा भएको सोको लगत्तै मृतकसमेतलाई लखेट्दै गई आआफ्नो साथमा रहेको लाठी, चक्कुसमेतका हतियार प्रयोग गर्दा मृतकको मृत्यु भएको देखिन्छ। मृतकलाई मार्नु पर्नेसम्मको यी प्रतिवादीहरू रेवन्तबहादुर गाहामगर र ऋषिराम चौधरीको बिच कुनै पूर्वरिसइवी देखिँदैन । मृतक र प्रतिवादीहरूबिच भनाभन हात हालाहालसम्म भई तत्काल रिस आवेशमा आई घटना घटेको देखिन्छ । बरामद भएको वस्तुमा खुकुरीसमेत चक्कु जस्ता जोखिमी घातक हतियारको प्रयोग भएको देखिन आए पनि योजनाबद्ध तरिकाले मृतकलाई प्रहार भएको देखिँदैन । प्रतिवादीहरूको उमेरसमेतलाई विचार गर्दा ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने र कम सजाय गर्दा पनि ऐनको मक्सद पुरा हुने देखिँदा प्रतिवादी रेवन्तबहादुर गाहामगर र ऋषिराम चौधरीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुन मनासिब देखिने हुँदा प्रतिवादीहरू रेवन्तबहादुर गाहामगर र ऋषिराम चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याई सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०६६।३।१५ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।४।१९को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । कैदको हकमा अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद हुने ठहर्‍याएको सुरू नवलपरासी जिल्ला अदालतको राय मनासिब देखिँदा सोहीबमोजिम प्रतिवादीहरू रेवन्तबहादुर गाहामगर र ऋषिराम चौधरीलाई जनही कैद वर्ष १० (दश) हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ मङ्सिर २१ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-०७४६, ०९०८, कर्तव्य ज्यान, *जितबहादुर कार्की वि. नेपाल सरकार, नेपाल सरकार वि. संगीता कार्की*

शव परीक्षण प्रतिवेदन गर्ने विशेषज्ञ प्रमोदकुमार श्रेष्ठले अदालतमा बकपत्र गर्दा चिउँडो सुन्निएको, हात पाखुरामा विभिन्न नीलडाम परेको र टाउको खोली हेर्दा टाउकोको देब्रेपट्टि नीलडाम देखिएको भनी लेखाए तापनि शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Undetermined भनी उल्लेख भएको, सो परीक्षण गर्ने चिकित्सकले अदालतमा उपस्थित

भई बकपत्र गर्दा शव परीक्षणमा देखिएका घाउहरूको कारणले मृत्यु हुन नसक्ने भएकोले प्रतिवेदनमा मृत्युको कारण Undetermined भनी दिइएको हो भनी लेखाएको र माथि विवेचित मिसिल संलग्न प्रमाणबाट ब्लडप्रेसरबाट मरेको भन्ने सुनेको, खोकेको अवस्थामा देखेको र पसिना पसिना भएको देखेको, मृतकको शरीरमा घाउखत नदेखिएको, शव परीक्षण प्रतिवेदनमा cause of death undetermined भन्ने देखिएको र प्रतिवादी जितबहादुर कार्की तथा प्रतिवादी संगिता कार्कीले कसुरमा इन्कार भई मौका र अदालतमा बयान गरेको देखिएकोबाट प्रतिवादीहरूको कुटपिटको कारणले मृतकको मृत्यु भएको तथ्य नै पुष्टि हुन नसकी मृत्युको कारण नै अनिश्चित रहेको अवस्थामा शङ्का एवम् अनिश्चितताको सुविधा अभियुक्तले पाउने देखिँदा प्रत्यक्षदर्शी भनिएका भगवती खड्का र कल्याणी थापासमेतले मृतकलाई प्रतिवादीले चिरपट दाउराले कुटपिट गरेको देखेको भन्ने मौकाको कागज तथा अदालतको बकपत्र भए पनि चिरपट बरामद हुन नसकेको, कुटपिटकै कारणबाट मृत्यु भएको भन्नलाई मौकामा भएको लास जाँच मुचुल्कासमेतमा घाउ खत देखिनु पर्नेमा कुनै घाउ खत देखिन नआएको र Autopsy Report मा देखिएको भनिएको घाउ चोटबाट मृत्यु हुन नसक्ने भन्ने डा. प्रमोदकुमार श्रेष्ठको बकपत्र तथा मृत्युको कारण नै निश्चित हुन नसकेको अवस्थामा सङ्कलित शङ्कास्पद प्रमाणको सुविधा प्रतिवादी अभियुक्तले पाउने देखिँदा प्रतिवादी जितबहादुर कार्कीलाई अभियोग दाबीको कसुर ठहर गरी सजाय ठहर गरेको सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको मिति २०६६।११।२६ तथा पुनरावेदन अदालत, पाटनको मिति २०६७।५।१५ को फैसला उल्टी भई दुवै प्रतिवादीहरू जीतबहादुर कार्की र संगिता कार्कीले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

इति संवत् २०७२ साल पुस २२ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-०१६१४, भ्रष्टाचार, *नेपाल सरकार वि. पुरूषोत्तमभक्त खरेलसमेत*

सरकारी जग्गाको प्रकार अब्बल, दोयम, सीम, चाहार भनी छुट्टाइएको पाइँदैन । उक्त कि.नं. का जग्गा व्यक्तिका नाममा दर्ता भएका छन् । जग्गाको किसिम नछुट्ट्याईएको अवस्थाबाट पनि दाबीको जग्गा सरकारी हो भन्ने देखिएको छैन। फिल्डबुकमा समेत व्यक्तिको नाम उल्लेख भएको छ। प्रक्रिया पुर्‍याएर छुट जग्गा दर्ता गर्ने निर्णय भएको छ। प्रमाण ऐन, २०३१ ले पनि सरकारी कार्यालयमा रहेको स्रेस्ता प्रमाणमा लिनुपर्ने।

आरोपपत्रमा दाबी लिएको जग्गा सरकारी पर्ती ऐलानी वा वनक्षेत्रभित्रको हो भन्ने नदेखिएको, प्रतिवादीमध्येका मोहनबहादुर तामाङ र रामबहादुर तामाङ सार्वजनिक पदमा रही काम गर्ने राष्ट्र सेवकका हैसियतमा नरहेकोमा राष्ट्र सेवकका हकमा आर्कषण हुने भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१) को कसुर कायम गरिलिएको दाबी कानूनसङ्गत देखिन आएन। तसर्थ यी प्रतिवादीहरूउपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१) को खण्ड (ज) अन्तर्गतको कसुर गरी सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरे गराएको भनी लिएको आरोपपत्रको दाबी पुग्न नसक्ने भई प्रतिवादी पुरूषोत्तमभक्त खरेल, जीतबहादुर आछामी, भागीरथ सिग्देल, ओममान श्रेष्ठ, भक्तराम श्रेष्ठ, मोहनबहादुर तामाङ र रामबहादुर तामाङले सफाइ पाउने ठहर्‍याई विशेष अदालतबाट भएको

फैसलालाई अन्यथा भन्न नमिल्ने।

उपर्युक्त विवेचित आधार कारणबाट विशेष अदालतबाट मिति २०७०।१०।२७ मा प्रतिवादीहरू उपरको आरोपपत्रको दाबी पुग्न नसकी निजहरूले सफाइ पाउने ठहर्‍याई गरेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असोज १७ गते रोज १ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-१२७८, अपहरण तथा शरीर बन्धक, *आनन्द यादव वि. नेपाल सरकार*

मिति २०६५।१।२० गते बिहानको समयमा बेचु मण्डललाई यी पुनरावेदकसमेतका ६ जना भई अपहरण गरी लैजान खोजेकोमा गाउँलेहरूले प्रतिकार गर्दा ४ जनाले बेचु मण्डललाई अपहरण गरी लान सफल भएको तर यी पुनरावेदक तथा अर्का प्रतिवादी श्रीलाल यादवलाई गाउँलेहरूले पक्राउ गरी कुटपिट गरेको भन्ने जाहेरीबाट देखिन आएको छ। गाउँलेहरूको प्रतिकारमा कुटपिट भई घायल भएका यी पुनरावेदकलाई अस्पताल पुर्‍याई जाँच गरिएको तथ्य मिसिल संलग्न अस्पतालको टिकटसमेतबाट देखिएको छ। श्रीलाल यादवको मृत्यु टाउकोमा लागेको चोटको कारण भएको भन्ने कुरा निजको शव परीक्षण प्रतिवेदनको छायाँप्रतिबाट देखिएको र वारदातमा प्रयोग भएको पेस्तोलसमेत बरामद गरिएको देखिने।

पुनरावेदकले अदालतमा आई इन्कारी बयान गरे तापनि अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा अन्य प्रतिवादीहरू विजयकुमारसमेतको सल्लाहमा आफूसमेत भई अपहरण गरेको हो भनी साबित भई बयान गरेको र बरामद पेस्तोलसमेत सनाखत गरिदिएको देखिन्छ। बुझिएका व्यक्तिहरूको कागजबाट यी पुनरावेदकसमेत अपहरणमा संलग्न रहेको भनी खुल्न आएको तथा जाहेरवाला र अपहरित भएका बेचु यादवले अदालतमा आई यी पुनरावेदक आनन्द यादवसमेत भई अपहरण गरेका हुन् भनी बकपत्रसमेत गरिदिएको अवस्था छ। गाउँलेहरूको कारण आफू घाइते भएको भन्ने कुरा यी पुनरावेदकले अदालतमा समेत स्वीकार गरी बयान गरेको देखिन्छ। गाउँलेहरू आफूविरूद्ध प्रतिकारमा उत्रनु पर्ने अन्य ठोस कारणसमेत यी पुनरावेदकले प्रस्तुत गर्न सकेको अवस्था देखिँदैन। निज पुनरावेदक गाउँलेहरूको प्रतिकारमा घाइते भएको हो भन्ने कुराहरूलाई श्रीलाल यादवको शव परीक्षण प्रतिवेदन तथा पुनरावेदककै अस्पतालको कागजले पुष्टि गरिरहेकोसमेतको समग्र प्रमाणको आधारमा पुनरावेदक प्रतिवादी आनन्द यादवसमेत भई पीडित बेचु मण्डललाई अपहरण गरी अपहरण तथा शरीरबन्धक लिने कसुर अपराध गरेको पुष्टि भएको देखिएकोले निजलाई कसुरदार कायम गरी सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।६।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल चैत १० गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-CR-१०३७, ०७२-RC-००९९, कर्तव्य ज्यान, *अब्दुल हसन मुसलमान वि. नेपाल सरकार, नेपाल सरकार वि. जुबेर अहमद मुसलमान*

प्रतिवादी जुबेरउपर मृतकलाई मार्ने कार्यमा मतलबमा पसी निजका बाबु अर्का प्रतिवादी अब्दुल हसनलाई सहयोग गरेकोले ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम २ नं. बमोजिम २ वर्ष ३ महिना कैद सजाय गरेको सुरू फैसला उल्टी गरी ज्यानसम्बन्धीको १३(३) नं. अनुसार जन्मकैद गरेको पुनरावेदन अदालतको फैसला मिले नमिलेको सम्बन्धमा साधकको रोहबाट विचार गर्दा निज प्रतिवादी जुबेर अहमद मुसलमानले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा हयातुल्ला मुसलमानको जग्गासँग साटेको हाम्रो जग्गामा मिति २०६८।९।२५ ट्वाइलेट बनाउन मिल्दैन भन्दै गालीगलौज गरेकाले बाबु अब्दुल हसन र छोराहरू र मसमेत भई इँटाले प्रहार गर्दा मृतकको टाउकोमा चोट लागेकाले उपचारको लागि अस्पताल लगेकोमा उपचार गर्दागर्दै मृत्यु भएको भनी बाबु अब्दुल हसनले गरेको बयानमा मिलान गरी बयान गरेका छन् । यी प्रतिवादीले वारदातको समयमा आफू भारतको कोटिहवामा सामान किन्न गएको र घटनामा आफ्नो संलग्नता नरहेको भनी बयान गरे पनि उनको यो Alibi सहितको इन्कारीलाई अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुन सकेको छैन। साथै यी प्रतिवादीका बाबु अब्दुल हसनले आफू, छोराहरू जुबेर अहमद मुसलमान र मृतक अब्दुल्लाहबिच ट्वाइलेट बनाउने विषयमा झगडा भई हामी प्रतिवादीहरूले इँटा प्रहार गर्दा अब्दुल्लाह र आयुसा घाइते भएकोमा आयुमा उपचारपछि निको भएको र अब्दुल्लाहाको उपचारको क्रममा मृत्यु भएको हो भन्ने कुरा बुझिएका ह्यातुल्ला मुसलमान, कतबुन निसा मुसलमान र आयशा खातुनसमेतका व्यक्तिहरूले उल्लेख गरेका, मृतकको टाउकोमा ३x२x१" बराबरको घाउ रहेको र मृत्युको कारणमा Probably due to blunt trauma of head भनी उल्लेख भएको देखिएको हुँदा यी प्रतिवादीसमेतको चोटको कारण मृतक अब्दुल्लाहाको मृत्यु भएको पुष्टि हुन आएको देखिँदा यी प्रतिवादीउपर ज्यानसम्बन्धीको १७ नं. अनुसार २ वर्ष ३ महिना कैद सजाय गरेको सुरू फैसला उल्टी गरी ज्यानसम्बन्धीको १३(३) नं. अनुसार जन्मकैद गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने।

प्रतिवादीहरू अब्दुल हसन मुसलमान र जुबेर अहमद मुसलमानलाई अभियोग दाबीअनुसार ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको मिति २०७१।७।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी अब्दुल हसन मुसलमानको पुनरावेदन जिकिर पुग्न सक्दैन र प्रतिवादी जुबेर अहमद मुसलमानउपर ज्यानसम्बन्धीको १३(३) नं. अनुसार जन्मकैदको सजाय गरेको सो फैसला साधकको रोहबाट मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीहरू अब्दुल हसन मुसलमान र जुबेर अहमद मुसलमानलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय भए पनि वारदात हुँदाको परिस्थिति हेर्दा प्रतिवादी अब्दुल हसनले आफ्नै जग्गामा ट्वाइलेट बनाउन लाग्दा सो काममा मृतक अब्दुल हसनले आफ्नै जग्गामा ट्वाइलेट बनाउन लाग्दा सो काममा मृतक अब्दुल्लाहा मुसलमानसमेतबाट अवरोध भई विवादको सिर्जना

भएको, प्रतिवादीहरूमा मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी र मनसाय रहेको नदेखिएको, वारदातमा ट्वाइलेट बनाउन ल्याइएका इँटाका टुक्राहरू मात्र प्रयोग भएको, जोखिमी हतियार प्रयोग भएको नदेखिएको र प्रतिवादी अब्दुल हसन मुसलमानको हालको उमेर ७० वर्ष रहेकोसमेत अवस्थालाई विचार गर्दा यी प्रतिवादीहरू अब्दुल हसन मुसलमान र जुबेर अहमद मुसलमानलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैद गर्दा चर्को पर्ने भई ५ वर्षमात्र कैद हुन न्यायोचित देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद ५ वर्ष मात्र हुने।

इजलास अधिकृत: विदुर काफ्ले

इति संवत् २०७३ साल जेठ २० गते रोज ५ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०६४०, ०७०-CR-०५३५, लागु औषध (खैरो हेरोइन), *ग्रेडराज खड्गी वि. नेपाल सरकार, तिलक राई वि. नेपाल सरकार*

आफूसँगबाट उक्त लागु औषध बरामद नभएको र काठमाडौँमै सामान्य चिनजान भएका ग्रेडराज खड्गीलाई हेटौंडा बसपार्कमा देखी म एक्लै भएको र बोल्न साथी हुन्छ भन्ने सोची मेरो मोटरसाइकलको पछाडि राखी गएको भनी अदालतमा बयान गरेका र पुनरावेदन जिकिर लिए तापनि अधिकारप्राप्त अधिकारीसमक्षको बयान, प्रतिवादी ग्रेडराज खड्गीको मौका तथा अदालतको बयान, खानतलासी मुचुल्का र प्रहरी प्रतिवेदनसमेतका कुनै पनि सबुद प्रमाणहरूबाट सो भनाइ स्थापित हुँदैन। यी प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयानसँग अन्य परिस्थितिजन्य सबुद प्रमाणहरूले मालाकाररूपमा मेल खाइरहेको पाइँदा सो बयानले मान्यता पाउने।

प्रतिवादीहरूले ग्रेडराज खड्गी र तिलक राईले आफू बिक्री वितरण गर्ने कार्यमा संलग्न रहेको भन्ने कुरामा इन्कार रही अदालतमा गरेको बयान र पुनरावेदन जिकिरतर्फ विचार गर्दा खैरो हेरोइन ७१ ग्राम ५०० मिलिग्राम बरामद भएको परिमाण निजहरूले सेवन गर्न मात्रै होला भनी प्रतितलायक देखिँदैन। त्यसरी नै यी प्रतिवादीद्वयले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा हेरोइन बिक्री वितरण गर्ने तथ्य स्वीकार गरी बयान गरेका छन्। जुन कुरा मिसिल संलग्न सबुद प्रमाणबाट खण्डन हुन सकेको अवस्था छैन । यस वारदातमा माइकल र गणेश भन्नेसमेतको मिलोमतोबाट भारतको रक्सौलमा नेपाली रू. २२,०००।– मा खरिद गरी ल्याएको र चेकजाँचमा सजिलो गराउने उद्देश्यले प्रहरीमा जागिर खाने प्रतिवादी तिलक राईसमेत संलग्न भएको भनी प्रतिवादीहरूले गरेको बयान व्यहोराबाट यी प्रतिवादीहरूको भनाइ खण्डन भई बिक्री वितरणको सञ्जाल नै रहेको पुष्टि हुने।

प्रस्तुत मुद्दामा समग्र तथ्यको विश्लेषण र प्रमाण मूल्याङ्कनबाट भएको फैसलालाई चुनौती दिने यी प्रतिवादीहरूले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ को प्रावधानअनुसार यथार्थ र वस्तुनिष्ठ प्रमाणद्वारा आफ्नो खण्डनलाई सम्पुष्टि गर्न नसकेको अवस्था छ । कानून र न्यायसम्मतरूपमा भएको फैसलालाई बदर गराउन यी प्रतिवादीहरूले यस अदालतमा पुनरावेदन गर्दा उठाएका नजिरहरू यस मुद्दामा आकर्षित हुने अवस्था छैन। अत: औँल्याएका नजिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू ग्रेडराज खड्गी र तिलक राईलाई लागु औषधको कारोबारसमेत गरेको कसुरमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ) (२) अनुसार जनही १० (दश) वर्ष कैद र रू. ७५,०००।– रूपैयाँ जरिवाना हुने र सेवनतर्फ दुवैजना प्रतिवादी साबित रहेकोले जनही १ वर्ष कैद हुने तथा भई आएको बा. ३९ प ११९७ नं. को मोटरसाइकल सोही ऐनको दफा १८ बमोजिम जफत हुने ठहर्‍याई भएको सुरू मकवानपुर जिल्ला अदालतको फैसलालाई सदर हुने भनी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।०४।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्द्रबहादुर खड्का

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७२ साल पुस १७ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-WO-०२५७, उत्प्रेषण, *अब्दुल मन्नान सिद्दीकीसमेत वि. श्रृजना शाहसमेत*

असाधारण अधिकारक्षेत्रअन्तर्गत दिइने रिट निवेदन ग्रहणयोग्य हुनका लागि रिट निवेदकले सफा हात लिएर आउनु पर्ने हुन्छ । तर विवादित लिलाम भएको कि.नं. ३२४० र ३२४२ को घरजग्गाको दर्तावाला र प्रमाणको लेनदेन मुद्दाको ऋणी निवेदकहरूकी दिदी जाकरा सरूरलाई निवेदकहरूले प्रस्तुत रिट निवेदनमा प्रत्यर्थी बनाउन सकेको छैन । त्यसैगरी प्रस्तुत घरजग्गा एकासगोलको भएकोले यसमा सबै अंशियारहरूको हक पुग्ने भन्ने निवेदकहरूको रिट जिकिर रहे पनि निवेदहरू तिनजनाबाहेक मूल अंशियारसमेत अन्य अंशियारहरूले कुनै कारवाही चलाएको देखिँदैन । यसबाट रिट निवेदकहरूले मुद्दामा यथार्थ तथ्य खुल्न नसकोस र यस अदालतले सबै कुराको जानकारी पाउन नसकोस भन्ने कुराको दुरासय लिएरै निवेदकहरूले प्रत्यर्थी जाकरालाई जानीजानी यस मुद्दामा प्रत्यर्थी बनाउन नचाहेको प्रस्ट हुन्छ । विवादित सम्पत्ति एकासगोलको हो वा बन्डा नलाग्ने प्रकृतिको प्रत्यर्थी जाकराको निजी आर्जनसमेतको हो भन्ने ठहरमा नपुगी प्रस्तुत रिटको निरूपण गर्न मिल्दैन । यसको लागि निज जाकरा सरूरको जिकिर सुन्न आवश्यक हुन्छ । तर रिट निवेदकले निजलाई प्रत्यर्थी नबनाएको अवस्थामा निज जाकरालाई यस अदालतले प्रस्तुत रिटबाट खोजीखोजी बोलाउन आवश्यक पनि छैन । यो आधार नै प्रस्तुत रिट निवेदन खारेज गर्न पर्याप्त छ । त्यसमा पनि प्रस्तुत रिट निवेदन २०७०।६।१० मा दायर भइसकेपछि प्रत्यर्थी श्रृजना साह र अन्य साहुहरूको बिगोबापत २०७०।७।४ मा विवादित जग्गाहरू लिलाम बोली उल्लिखित रकम बुझाई लिलाम कार्य सम्पन्न भइसकेको भन्ने विपक्षीहरूको लिखित जवाफबाट प्रस्तुत रिट निवेदन दायर हुँदाको अवस्थामा आज आदेश हुँदाको दिनमा सारभूत परिवर्तन भई प्रस्तुत रिट निवेदनले आफ्नो प्रयोजन गुमाइसकेको देखिने ।

विवादित घरजग्गाको दर्तावाला जाकरा सरूरले उल्लिखित ०७१।७।४ को लिलाम कार्यान्वयन नगर्नु नगराउनु भनी यस अदालतमा दायर गरेको ०७१-WO-००६८ नं. को उत्प्रेषणयुक्त परमादेशमा यस अदालतको संयुक्त इजलासबाट निजको रिट खारेज हुने ठहरी २०७१।८।१५ मा आदेश भएको पाइन्छ । यसबाट समेत २०७०।७।४ को उल्लिखित लिलाम सकारले वैधता पाएको अवस्थामा सोभन्दा पूर्वको अवस्थालाई लिएर दायर

भएको प्रस्तुत रिट निवेदन झनै औचित्यहीन हुन पुगेको देखिन्छ । एउटै विषयमा कहिले दर्तावाला जाकरा सरूर र कहिले रिट निवेदकहरूले कानूनी कारवाही चलाएको देखिएबाट यी निवेदकहरू र विपक्षी जाकरा सरूर वास्तविक प्रतिद्वन्दी (real adversary) नभई मिलुवा व्यक्ति देखिएसमेतबाट अदालतलाई गुमराह गर्ने रिट निवेदकहरूलाई यस अदालतले मद्दत गर्नु उपयुक्तसमेत नहुँदा रिट निवेदकरूले उठाएको मुलुकी ऐन, लेनदेन व्यवहारको महलको ८ नं. र ९ नं. को कानूनी त्रुटितर्फ विचार गर्नुको कुनै प्रयोजन नभएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

इति संवत् २०७२ साल चैत २३ गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-WO-०२५८, उत्प्रेषण, *अब्दुल मन्नान सिद्दीकीसमेत वि. लाबबहादुर बुढाथोकीसमेत*
- ०७०-WO-०२५९, उत्प्रेषण, *अब्दुल मन्नान सिद्दीकीसमेत वि. पुजा नेपालीसमेत*
- ०७०-WO-०२६०, उत्प्रेषण, *अब्दुल मन्नान सिद्दीकीसमेत वि. नमादेवी केसी (खत्री) समेत*

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-WO-०१७६, उत्प्रेषण, *रूवैदा खातुन वि. छिटिया खातुनसमेत*

विपक्षीले दायर गरी सिरहा जिल्ला अदालतबाट भएको फैसला अन्तिम भइरहेको उक्त लिखत बदर मुद्दामा सो अदालतको आदेशानुसार वादीका साक्षीले अदालतमा आई बकपत्र गर्दा वादीको हक मेटाउनलाई प्रतिवादीहरूले आपसी मिलेमतोमा राजीनामा गरी गराई दिएको भनी उल्लेख गरिदिएका छन् । आदेशबाट माग भई आएको राजीनामाको लिखत साक्षीमा राखेको नदेखिएकोसमेत आधार लिई वादी दाबी पुग्ने गरी सुरू जिल्ला अदालतले गरेको फैसला मनासिब देखिने ।

रिट निवेदकले फैसला आफ्नो अनुकुल नभएपछि फैसला बदर तथा जालसाजी मुद्दा दायर गरी उक्त फैसला बदर मुद्दामा सो मुद्दाको फैसला नहुन्जेल विपक्षीको मागदाबीबमोजिम दा.खा. कार्य रोक्का राखिपाउँ भनी निवेदन दर्ता गरी कारवाही हुँदा "प्रस्तुत मुद्दा २०६८ सालको फौ.पु.नं. ३५३३ जालसाजी र २०६८ सालको ३५३४ को लिखत बदर मुद्दामा काम सम्पन्न भएपछि नियमानुसार पेस गर्नु" भनी सिरहा जिल्ला अदालतको आदेश भएउपर विपक्षी छिटिया खातुनले १७ नं. निवेदन गर्दा पुनरावेदन राजविराजबाट "यसमा विपक्षी रूवैदा खातुनसमेतलाई प्रतिवादी बनाई निवेदिका वादी छिटिया खातुनले दायर गरेको लिखत बदर दर्ता बदर मुद्दा र जालसाजी मुद्दामा त्यस अदालतबाट मिति २०६९।१।५ मा भएको फैसला अन्तिम भइरहेको अवस्थामा सो बमोजिम फैसला कार्यान्वयनका लागि दा.खा. पुर्जी दिनुपर्नेमा प्रतिवादी रूवैदा खातुनले दायर गरेको जालसाज मुद्दा र फैसला बदर मुद्दाको काम सम्पन्न भएपछि नियमानुसार पेस गर्नु भनी त्यस अदालतबाट मिति २०६९।११।१८ मा भएको आदेश बेरीतको देखिँदा बदर गरिदिएको छ । कानूनबमोजिम फैसला कार्यान्वयन गर्नू" भनी मिति २०७०।४।१३ मा भएको पुनरावेदन अदालत, राजविराजको आदेशलाई अन्यथा भन्ने अवस्था रहेन । तहतहबाट कानूनसम्मत् रूपमा भएका उक्त फैसलाबमोजिम भएको उक्त आदेश मनासिब देखिँदा

प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल पुस २३ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०४९३, लागु औषध (खैरो हेरोइन), *सादु पटेल वि. नेपाल सरकार*

प्रतिवादी सादु पटेलले खैरो हेरोइन २५० ग्राम आफ्नो साथबाट बरामद भएको तथ्यमा स्वीकार गरेका छन् । निजले आफूलाई वीरगञ्जका अनिल आचार्यले आँप बोक्न दिएका थिएँ त्यही आँपको कार्टुनबाट उक्त लागु औषध बरामद भएको भनी अदालतमा बयानमा लेखाई दिए पनि निजले सो कुरा मौकामा भन्न सकेका छैनन्। यसरी मौकाको बयानसँग अदालतको बयानमा फरक पर्नुपर्ने औचित्य प्रस्ट पार्न निज प्रतिवादीले सकेका छैनन् । दुवै ठाउँमा भएको बयानमा उक्त परिमाणको लागु औषध बरामद भएको तथ्य स्वीकार भएको छ। मौकाको बयानलाई बरामदी मुचुल्काका यज्ञप्रसाद दुलाल र प्रतिवेदक रामबाबु चौधरीले अदालतमा गरेको बकपत्र लगायतका मिसिल संलग्न परिस्थितिजन्य सबुत प्रमाणबाट समेत पुष्टि भइरहेको पाइने।

यसरी यस मुद्दामा समग्र तथ्यको विश्लेषण, प्रमाण मूल्याङ्कन र लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ को प्रावधानअनुसार प्रतिवादीले वस्तुनिष्ठ प्रमाणद्वारा आफ्नो खण्डनलाई सम्पुष्टि गर्न नसकिरहेको अवस्था छ। कानून र न्यायसम्मतरूपमा भएको फैसलालाई चुनौती दिन यी प्रतिवादीले यस अदालतमा पुनरावेदन गर्दा औल्याएका नजिरहरू यस मुद्दामा आकर्षित हुन नहुने।

तसर्थ प्रतिवादी सादु पटेललाई लागु औषधको कारोबार गरेको कसुरमा अभियोग दाबीबमोजिम लागु औषध सञ्चय गरी ओसारपसारको कसुर गरेको ठहर्‍याई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (छ) (३) नं. बमोजिम १५ वर्ष कैद र रू. ५,००,०००।– जरिवाना हुने गरी सुरू काठमाडौं जिल्ला अदालतले गरेको फैसला सदर हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।०२।०२ को फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७२ साल पुस १७ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०५३९, गौबध, *नेपाल सरकार वि. अर्जुन रञ्जन*

प्रतिवादी अर्जुन रन्जनले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा मैले भनेबमोजिम लेखिएको होइन। म घटनास्थलमा नै गएको छैन भनी अदालतमा बयान गरेको भए पनि प्रहरी नायब निरीक्षक डेलिम्बराज घिमिरेको प्रतिवेदन, घटनास्थल प्रकृति मुचुल्का र हतियारको प्रयोग भएर मारिएको भन्ने शव परीक्षण प्रतिवेदनसमेतका सबुत प्रमाण मिसिल संलग्न रहेका छन्। यसरी यी उल्लिखित प्रमाणहरूले प्रतिवादीको मौकाको बयानलाई पुष्टि गरिरहेको अवस्था छ । प्रतिवादीले आफ्नो मौकाको बयानको खण्डन हुने गरी कुनै सबुत प्रमाण गुजार्न सकेको तथ्य मिसिल संलग्न रहेको पाइँदैन । सिर्फ अदालतमा गरेको इन्कारी बयान मात्रैलाई हेरेर यी प्रतिवादी अर्जुन

रन्जन प्रस्तुत वारदातमा समावेश थिएनन् भनी मान्ने अवस्था नहुँदा प्रतिवादीको सो इन्कारीसँग सहमत हुन नसकिने ।

मुलुकी ऐन, चौपायाको महलको ११ नं ले फौजदारी न्यायको Actus reus को सिद्धान्तलाई बढी जोड दिई आत्मसात गरेको देखिन्छ । तसर्थ प्रतिवादी अर्जुन रञ्जनलाई चौपायाका महलको १३ नं. बमोजिम ६ वर्ष कैद सजाय हुने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६९।२।१४ मा भएको फैसला तथ्यगत र न्यायसम्मत हुँदा परिवर्तन गर्नु पर्ने देखिएन। उक्त फैसला सदर हुने ठहर्छ। वादी पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल पुस १३ गते रोज २ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-००२०, ०१०६, लागु औषध गाँजा, जोखु राय *वि. नेपाल सरकार, जौवाद हुसेन वि. नेपाल सरकार*

प्रस्तुत वारदातमा प्रहरी चेक जाँचका क्रममा बसको छतमा रहेको प्लास्टिकको बोराबाट उक्त लागु औषध गाँजा फेला परेको र सो गाँजाको कसको हो भन्ने कुरा खुल्न नआएको अवस्थामा यी प्रतिवादीहरूलाई प्रारम्भमा केवल अनुसन्धानको लागि पक्राउ गरेको देखिन्छ । अनुसन्धानका क्रममा निजहरूले सो गाँजा आफ्नो नभएको भनी इन्कार बयान दिएको र सो गाँजा निजहरूकै हो भन्ने वस्तुनिष्ठ प्रमाण वादी पक्षले गुजार्न नसकेको अवस्थामा निजहरूको साथबाट बरामद नभएको सो गाँजा निजहरूको नै भएकोले बसमा लोड गरेको भन्ने तथ्य स्थापित हुन नसकेको अवस्थामा प्रमाणको भार प्रतिवादीमा रहन्छ भन्न मिल्दैन । साथै सो गाँजाको अवस्थिति बसको छतमा हुनु र सो गाँजा प्रतिवादीकै हो भन्न सकिने वस्तुनिष्ठ आधार नदेखिनुका साथै निजहरूको सँगसाथबाट बरामद भएको पनि नदेखिएको अवस्थामा आफ्नो होइन भन्ने जिकिर पुष्टि गर्ने आधार पेस गर्न गठिन पनि हुन्छ। लागु औषध (नियन्त्रण) ऐनको दफा १२ ले निर्दिष्ट गरेको कानूनी व्यवस्था र प्रस्तुत मुद्दाको तथ्य परस्पर तादाम्य नदेखिएको अवस्थामा प्रमाणको भार प्रतिवादीमा नै जान्छ भन्नु न्यायपूर्ण पनि नदेखिने।

पुनरावेदक प्रतिवादीबाट उक्त गाँजा बरामद भएको नदेखिएको, सो गाँजा निजहरूकै भएकाले बसमा लोड गरी ओसारपसार गरेको हो भन्ने आधार कारण नदेखिनुका साथै अनुसन्धानको क्रमदेखि यी प्रतिवादी इन्कार रहेको र सो इन्कारी बयान निजहरूका साक्षीलगायत बुझिएका अन्य कागज प्रमाणबाट समेत समर्थित भइरहेको देखिन्छ। यस्तो अवस्थामा प्रस्तुत वारदातमा यी प्रतिवादीहरूको संलग्नता पुष्टि हुने वस्तुनिष्ठ आधार प्रमाणको अभावमा कसुर स्थापित गरी सजाय निर्धारण गर्ने सुरू बारा जिल्ला अदालतको फैसला मनासिब ठहर गरी सजायको हदसम्म घटाएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१०।१७ को फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक प्रतिवादीहरूले सफाइ पाउने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल जेठ २८ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CI-०४३९, निषेधाज्ञा, *नविन गुईदेल (परियार) वि. साधुराम बिष्टसमेत*

निषेधाज्ञाको माग गरी अदालत आउने व्यक्तिले सो विषयवस्तुमा आफ्नो अधिकार प्रस्टरूपमा स्थापित गर्न सक्नुपर्दछ । साथै सो विषयवस्तुमा आघात पुर्‍याउन खोजेको मनासिब आधार कारण पनि देखाउन सक्नुपर्दछ । तर निवेदकको अधिकार नै शङ्कापूर्ण वा विवादास्पद प्रकृतिको छ र अधिकारमा आघात पुर्‍याउन लागेको शङ्का गर्ने मनासिब आधार पनि छैन भने निषेधाज्ञा जारी गर्न मिल्दैन । प्रस्तुत मुद्दामा विवादित कि.नं. ११८ को जग्गामा पुनरावेदकको निर्विवाद हक स्थापित भइसकेको अवस्थाको विद्यमानता देखिँदैन । सो जग्गामा पुनरावेदक मोहीको हकदार रहेको भन्ने देखिएको र पुनरावेदकको उक्त जग्गामा मोही नामसारी भई स्वामित्व प्राप्त हुने वा नहुने भन्ने प्रश्न विचाराधीन नै रहेको देखिन्छ । साथै विपक्षीले सो जग्गामा हाम्रो घरबास छैन र उक्त जग्गामा पक्की घर बनाउन लागेकोसमेत होइन भनी लिखित जवाफ पेस गरेको देखिँदा निवेदनमा उल्लेख भएबमोजिमको आशङ्काको स्थितिसमेत नदेखिने ।

पुनरावेदकको निर्विवाद हक स्थापित भइनसकेको विवादित जग्गामा निवेदन दाबीबमोजिमको घर निर्माण गर्ने आशङ्काको स्थितिसमेत विद्यमान नरहेकोले रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।०३।०९ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असार ०९ गते रोज ५ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०५३४, उत्प्रेषण / परमादेश, *नन्दराज जोशी वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

निवेदकलाई सरूवा गर्ने अधिकारप्राप्त अधिकारी सचिव स्तरबाट सरूवाको निर्णय भएको र सो निर्णयउपर नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २० को उपदफा २(क) बमोजिम सरूवा संशोधन तथा मिलानको लागि सरूवा गर्ने अधिकारीभन्दा एक तह माथिको अधिकारीसमक्ष निवेदन पेस गरी उपचार प्राप्त गर्न वैकल्पिक व्यवस्था रहेको देखिन्छ । यस्तो अवस्थामा यस अदालतको रिट क्षेत्राधिकारको माध्यमबाट उपचार प्रदान गर्न मिल्ने देखिँदैन । नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ क बमोजिम मन्त्रालयको स्वीकृति लिई विभागीय प्रमुखले सरूवाको समयतालिकाबाहेकको समयमा पनि सरूवा गर्न सकिने भन्ने कानूनी व्यवस्था रहेको देखिँदा सोसम्बन्धमा लिएको निवेदन जिकिरलाई मुनासिब देखिएन । जहाँसम्म ट्रेड युनियनका पदाधिकारी तथा सदस्यहरूलाई निजको सहमतिबिना सरूवा गरिएको भन्ने दाबी छ सोसम्बन्धमा हेर्दा निवेदक कार्यरत कार्यालयबाट रिट निवेदक ट्रेड युनियनमा निर्वाचित भएको भनी आधिकारिक जानकारी विभागमा दिएको देखिँदैन यसरी रिट निवेदक ट्रेड युनियनमा कार्यरत रहेको जानकारी विभागमा पठाएको नदेखिएको र सरूवा संशोधनको लागि निवेदनसमेत दिएको नदेखिँदा ट्रेड युनियन ऐन, २०४९ को दफा २३ को व्यवस्था आकर्षित हुनसक्ने नदेखिने ।

रिट निवेदक कार्यरत रहेको स्थानमा निजको न्यूनतम सेवा अवधि पुरा भइसकेको, अधिकारप्राप्त अधिकारीबाट सरूवाको निर्णय भएको देखिएको, सोउपर नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २० को उपदफा २(क) बमोजिम सरूवा संशोधन वा मिलानको लागि एक तहमाथिको अधिकारीसमक्ष निवेदन दिनुपर्ने व्यवस्थाको उपयोग नगरी रिट क्षेत्राधिकारको माध्यमबाट निवेदकको मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था देखिँदैन । साथै निवेदकले आफ्नो सरूवासम्बन्धी निर्णय कार्यान्वयन हुनु नपर्ने आधार र कारण प्रस्तुत गर्न सकेको नदेखिएको र तोकिएको समयावधिभन्दा फरक समयमा पनि सरूवाको निर्णय गर्नसक्ने नै देखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: तीर्थ भट्टराई

इति संवत् २०७३ साल असार ८ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०७८३, उत्प्रेषण, *कोपिला कुँवर वि. लक्ष्मी कार्की (खत्री) समेत*

निवेदिका प्रतिवादीले आफूले मिति २०६९।०२।०१ मा जाहेरवाली लक्ष्मी कार्कीलाई गरिदिएको लिखतमा आफ्नो स्थायी वतन धादिङ जिल्ला नौबिसे गाउँ विकास समिति, वडा नं. ६ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ कलङ्की हो भनी उल्लेख गरेको र निजको सोही स्थायी वतनमा निजको नामको म्याद जारी भई अदालतबाट सोही वतनमा रितपूर्वक म्याद तामेल हुँदासमेत निज म्यादमा हाजिर नभएपछि फैसला भएको अवस्था देखिन्छ। तसर्थ सुरू म्याद रितपूर्वक निजले देखाएको वतनमा तामेल भई वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७०।०३।२३ को फैसला कार्यान्वनको क्रममा निज पक्राउ परी कानूनबमोजिम थुनामा रहेको देखिएकोले निजउपर कानूनविपरीत कारवाही भएको भन्ने नदेखिँदा उत्प्रेषणको आदेश जारी हुने अवस्था र आधार देखिएन, रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विनोद रखाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७२ साल चैत १२ गते रोज ६ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CI-०४३५, मोही नामसारी, *हरिशङ्कर साहसमेत वि. बहादुर महरा चमार*

विवादित कि.नं. १४९ र १८१ का जग्गाहरूमा आफ्नो बुबा हरूनी महरा चमार मोही रहेको र निजको मृत्यु भएकाले आफ्नो नाममा मोहीयानी हक नामसारी गरिपाउँ भन्ने प्रत्यर्थी वादीको मुख्य मागदाबी रही प्रस्तुत मुद्दाको उठान भएकोमा निजको बुबा सो जग्गाको मोही नरहेकाले मोही नामसारी हुने होइन भन्ने पुनरावेदन जिकिर रहेको पाइन्छ। सोसम्बन्धी मिसिल संलग्न कागज प्रमाण एवम् सुरू तथा पुनरावेदन तहको फैसला एवम् पुनरावेदन जिकिरसमेतलाई विश्लेषण गरी हेर्दा मोही नामसारी दाबीका उल्लिखित जग्गाहरूको फिल्डबुकको कैफियत महलमा उक्त जग्गाको साबिक जग्गाधनी दीपा साह तेलीले प्रत्यर्थी वादीका बाबु हरूनी महरा चमारको जोतभोग रहेको भनी लेखाइदिएको पाइन्छ। निज साबिक जग्गाधनीले उक्त फिल्डबुकमा

उक्त दुवै कित्ता जग्गामा मेरो भुलबाट मेरो जोतभोग लेखिन गएको हो मेरो जोत नभई हरूनी महरा चमारको जोत हो भनी स्वयम् खुलाइदिएको पाइन्छ । मोही लगतसम्बन्धी १ नं. फाराममा समेत मोही हरूनी महरा चमार उल्लेख भएको पाइन्छ । यसरी जग्गा नापजाँच हुँदाका बखत खडा भएको फिल्डबुकलगायतका कागजातमा मोही हरूनी महरा चमार उल्लेख भएको र साबिक जग्गाधनीले उक्त जग्गाको जोतभोग हरूनी महरा चमारकै भएको भनी उल्लेख गरिदिएको कागज प्रमाणलाई अन्यथा भन्न नमिल्ने ।

भूमिसुधार कार्यालयसमक्ष पेस हुन आएको गौर नगरपालिकाबाट खडा भएको सर्जमिन मुचुल्कामा पनि उक्त जग्गामा हरूनी महरा चमारको मोही हक रहेको भनी उल्लेख भएको पाइन्छ । सो मुचुल्काका आधारमा गौर नगरपालिका, रौतहटको च.नं. ३८९३ मिति २०६७।१२।१ को मोही नामसारीसम्बन्धी सिफारिसमा समेत सो जग्गामा हरूनी महरा चमारको मोहियानी रहेको र निजको मृत्यु भएकाले यी प्रत्यर्थी वादीहरू हकवाला कायम भएको भन्नेसमेत व्यहोरा सिफारिस भइआएको पाइन्छ । यसरी मिसिल संलग्न मोही लगत, फिल्डबुक एवम् गौर नगरपालिकाको सिफारिस व्यहोरासहितका सरकारी कार्यालयमा अभिलेखको रूपमा रहेको कागज प्रमाण एवम् साबिक जग्गाधनीको लेखाइबाट समेत सो जग्गामा यी प्रत्यर्थीका बाबुको मोही हक रहेको तथ्य निर्विवादरूपमा प्रमाणित भइरहेको अवस्थामा उक्त जग्गाको मोही नामसारी नहुने गरी सुरू भूमिसुधार कार्यालय, रौतहटबाट भएको निर्णय उल्टी हुने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट वादी दाबीबमोजिम मोही नामसारी हुने ठहरी भएको मिति २०७०।१२।९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७२ साल माघ ८ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-०१०२, ०७०-FN-००४९, उत्प्रेषण, *सीताराम दास वि. गजेन्द्र दाससमेत, सीताराम दास वि. पुनरावेदन अदालत, राजविराज*

सर्वोच्च अदालतको फैसलाविपरीत सप्तरी जिल्ला अदालतबाट "निवेदक सुशील दाससमेतकी आमाले लिलाम लिएको राजविराज नगरपालिका हटिया लाइनको प्लट नं. ७० को जग्गा लिलाम लिएको र सो जग्गामा भएको घरसमेत लिलाम भएकोमा सो जग्गा र घरसमेत चलन गर्न नदिई हटक गरेको भए ३ दिनभित्र चलन गर्न दिनु भन्नेसमेत मिति २०६९।७।२४ मा आदेश भएको र सो आदेशलाई मिति २०६९।७।२४ मा भएको सुरू आदेश र सो आदेशलाई परिवर्तन गरिरहनु पर्ने देखिएन" भनी पुनरावेदन अदालत, राजिविराजबाट मिति २०७०।३।२८ मा भएको आदेशसमेत सर्वोच्च अदालतको फैसलाविपरीत भएको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत: विनोद रखाल

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७२ साल चैत ११ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CI-०९७०, हाल साबिक दर्ता, *प्रवोध घिमिरेसमेत वि. श्रीमती मीना श्रेष्ठ*

मालपोत कार्यालय, कलङ्कीबाट हाल

साबिक गर्ने क्रममा मिति २०६५।२।२३ मा निर्णय भएउपर यी पुनरावेदक वादीले कहीँ कतै पुनरावेदन नगरी चित्त बुझाई बसेको देखियो। सोसम्बन्धी कानूनी व्यवस्था हेर्दा मालपोत ऐन, २०३४ को दफा ३१ मा यस ऐनको दफा ७, ८, ८ख. बमोजिम मालपोत कार्यालयले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ भन्ने कानूनी व्यवस्था रहेको पाइयो। प्रतिवादी मीना श्रेष्ठले दिएको निवेदनसम्बन्धमा मालपोत कार्यालयबाट भएको निर्णयले आफ्नो हक अधिकार हनन भएको र आफूलाई मर्का परेको विषयमा यी पुनरावेदक सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न जानु पर्नेमा उल्टै सोही विषयमा निवेदन लिई सम्बन्धित मालपोत कार्यालयमा निवेदन लिई गएको पाइयो । सम्बन्धित मालपोत कार्यालयबाट समेत आफूले एकपटक निर्णय गरिसकेको विषयमा पुनः निर्णय गर्न नमिल्ने निर्णयाधार खोली सो विषयमा निर्णय नगरे पनि आफूले निर्णय गरिसकेको विषयमा असर पर्ने गरी हक कामय गरी ल्याउनु भनी पुनः निर्णय गरेको पाइयो । साधिकार निकायबाट एक पटक निर्णय भइसकेको विषयमा कानूनले तोकेको पुनरावेदन सुन्ने निकायमा पुनरावेदन नगरी चित्त बुझाई बसेको पक्षबाट सोही विषयमा निवेदन लिई पुनः मुद्दाको कामकारवाही प्रारम्भ गरी सो निर्णयमा तात्त्विक असर पर्ने गरी पुनः निर्णय गर्ने अधिकार सम्बन्धित मालपोत कार्यालयमा रहने पनि देखिँदैन।साथैमुद्दाअन्तिमताकोसिद्धान्तरप्राङन्यायको सिद्धान्तले समेत एकपटक निर्णय भई अन्तिम भएको सोही विषयमा पुनः निर्णय गर्ने अधिकारसमेत रहँदैन । तसर्थ मालपोत कार्यालय, कलङ्कीबाट भएको मिति २०६५।४।३० को निर्णय उल्टी गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।६।१ मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल फागुन २३ गते रोज १ शुभम्।

- यसै लगाउको ०६९-CI-०९७१, खिचोला मेटाई हक कायम, *सुवोध घिमिरे वि. श्रीमती मीना श्रेष्ठ* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७१-CI-०४३८, मोही नामसारी, *इनर मुखिया विन वि. चलितर मुखिया विन*

प्रस्तुत मुद्दामा दाबीको कि.नं. २६५ को जग्गाको साबिक जग्गाधनी शत्रुघनप्रसाद सिंह भएकोमा विवाद देखिएन । साबिक जग्गाधनी शत्रुघनप्रसाद सिंहले यी विपक्षी वादी चलितर मुखिया विनसमेत उपर उक्त जग्गाको मोही जंगविर मुखिया नामको मोही लगत कट्टा गरिपाउँ भन्ने मुद्दामा मोही लगत कट्टा नहुने ठहरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।१।२७ को फैसलाले उक्त जग्गाको मोही जंगविर मुखिया नै भएको देखियो। साथै जंगवीर मुखिया विनको छोरा चलितर मुखिया विन र नाति इनर मुखिया विन भएकोमा समेत विवाद देखिएन। यसरी साबिक जग्गाधनी शत्रुघनप्रसाद सिंहले मिति २०६८।९।२५ मा उक्त जग्गा राजीनामा गरी पुनरावेदक प्रतिवादी इनर मुखियालाई हक हस्तान्तरण गरी जग्गाधनी परिवर्तन भएकोसम्म देखियो तर मोही नामसारी भएको देखिएन। भूमिसम्बन्धी ऐन, २०२१ ले जग्गाधनीले नातिसमेतलाई मोही पत्याउन सक्ने कानूनी व्यवस्था गरेको भए तापनि सो कानूनी व्यवस्थाअनुसार साबिक

जग्गाधनी शत्रुघनप्रसाद सिंहले पुनरावेदक प्रतिवादी इनर मुखिया विनको नाममा कानूनतः मोही नामसारी गरिदिएको नदेखिने ।

साबिक जग्गाधनीकै पालामा जंगविर मुखिया विनको नामको मोही लगत कट्टा नहुने ठहरी मोही कायम भइसकेको अवस्थामा, मोही कायम भएको व्यक्ति पछि जग्गा खरिद गर्ने जग्गाधनीको एकासगोलको नातेदार भयो भन्दैमा मोहीको मोहीयानी हक नै समाप्त भयो भन्नु न्यायोचित देखिएन । एकपटक मोही कायम भइसकेपछि कानूनबमोजिम निष्काशन नभएसम्म निज मोहीको मोहियानी हक कानूनत: सुरक्षित नै रहन्छ । मिति २०६७।१।२७ को पुनरावेदन अदालत, हेटौंडाको फैसलाबाट जंगविर मुखिया विनको मोहीयानी हक कायम भएको देखियो । निज मोही जंगविर मुखिया विनको मृत्युपछि निजको छोरा वादी चलितर मुखिया विन हालको जग्गाधनी प्रतिवादी पुनरावेदक इनर मुखिया विनको नातेदार (पिता) रहेको देखिए तापनि मिति २०६३।७।२६ मा अंश दर्ता मुद्दामा भएको मिलापत्रबाट यी पुनरावेदक प्रतिवादी इनर मुखिया विन र वादी चलितर मुखिया विनसँग छुट्टिई भिन्न भइसकेको देखिँदा एकासगोलको परिवारको भएको भन्न मिल्ने नदेखिँदा मोही नामसारी नहुने ठहर्‍याई भएको भूमिसुधार कार्यालय, बाराको निर्णयसँग सहमत हुन नसकिने ।

कि.नं.२६५ को जग्गामा जंगविर मुखिया विन मोही कायम रहेको, मोही यथास्थितिमा रही जग्गाधनीमात्र परिवर्तन भई मोही जंगवीर मुखिया विनको नाति इनर मुखिया विन कायम भएको सन्दर्भमा निज पुनरावेदक प्रतिवादी इनर मुखिया विन छोरा र वादी पिता चलितर मुखिया विन बिच मिति २०६३।७।२६ मा अंश दर्ता मुद्दामा भएको मिलापत्रले निजहरू २०६३ सालमा नै छुट्टि भिन्न भइसकेको देखिँदा एकासगोलको भनी भन्न नमिल्ने देखिँदा मोही नामसारी नहुने ठहर्‍याई भएको भूमिसुधार कार्यालय, बाराको निर्णय उल्टी गरी मोही नामसारी हुने ठहर्‍याई भएको मिति २०७०।११।१९ को पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गीता श्रेष्ठ
कम्प्युटर: सुदर्शनप्रसाद आचार्य
इति संवत् २०७२ साल माघ ८ गते रोज ६ शुभम् ।

- ०७१-CI-०४४८, एका परिवारको मोही लगत कट्टा, *इनर मुखिया विन वि. चलितर मुखिया विन* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## एकल इजलास

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ,** ०७२-WO-०२३०, उत्प्रेषण / परमादेश, *राजेन्द्र बस्नेत वि. भूमिसुधार तथा व्यवस्थापन विभाग, बबरमहल, काठमाडौंसमेत*

रिट निवेदकलाई भूमिसुधार तथा व्यवस्थापन विभागको कर्मचारी प्रशासन शाखाबाट सो विभागमा हाजिर हुन भनी पत्र पठाइएको भन्ने कुरामा विवाद छैन । रिट निवेदकले निवेदन पत्रमा आफू राजपत्र अनङ्कित कर्मचारी भएकाले अख्तियारवाला कार्यालय प्रमुख वा विभागीय प्रमुखले मात्र सो पत्र पठाउने अधिकार रहेकोमा सोबमोजिम पत्र नलेखिएको भनी जिकिर लिएको देखिए पनि निजलाई हाजिर हुन भनी पठाइएको पत्र सम्बन्धित विभागको अख्तियारवालाबाट नै

पठाइएको देखिएको छ । त्यसका अतिरिक्त यी रिट निवेदक मालपोत कार्यालय, चाबहिलमा निजामती सेवा ऐन, २०४९ को दफा १८(३) बमोजिमको न्यूनतम अवधि कार्यरत रहिसकेको भन्ने कुरा रिट निवेदकलाई सोही कार्यालयबाट मिति २०६५।७।२० देखि लागू हुने गरी श्रेणीविहीन पाँचौंस्तरमा वृद्धि गर्दा दिइएको सोही मितिको पत्रबाट देखिन आएको छ । उक्त मितिमा स्तरवृद्धि भई रिट निवेदक मालपोत कार्यालय, चाबहिलमा कार्यरत रहेको एवम् अन्य कुनै स्थानमा सरूवा भएको देखिएको छैन । यसप्रकार रिट निवेदकलाई निज कार्यरत विभागबाट सो विभागमा हाजिर हुन आउन भनी दिइएको पत्र अख्तियार प्राप्त निकायबाट दिइएको र सो कामकारवाही निजामती सेवा ऐनको व्यवस्थाविपरीत नदेखिनुका अतिरिक्त उक्त कामकारवाहीबाट रिट निवेदकको संविधान र कानूनप्रदत्त कुनै हकमा आघात पुगेको नदेखिएकाले प्रथम दृष्टिमा नै विपक्षीहरूबाट गरे बिराएको अवस्थामा विपक्षीहरूबाट लिखित माग गरिरहनु पर्ने नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७२ साल असोज १ गते रोज ६ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**